| १२६ | कंचनपुर | डम्बरी कुमारी चौधरी, सप्तरी, ३२८१३३४७ | भगवानी चौधरी/खुशिलाल चौधरी | धनेश्वरी ठाकुर, सप्तरी, ३२८१६६९८ | कमलनारायण ठाकुर/लक्ष्मी ठाकुर | भगवानी चौधरी, सप्तरी, २२०१२५९९ | खुशिलाल चौधरी/थाहा नभएको |

# लक्ष्मी सन्राइज बैंकको ह्यासट्याग डिजिटल डिसेम्बर २०२४ अभियान

काठमाडौं (अस) । लक्ष्मी सन्राइज बैंकको डिजिटल बैंकिङ प्रवर्द्धन अभियानको छैटौं संस्करण ह्यासट्याग डिजिटल डिसेम्बर २०२४ अभियान शुरू भएको छ । 'सहजताका नयाँ परिभाषा उपहार सँगै' नाराको साथ यस अभियानले बैंकका ग्राहक तथा उपभोक्तालाई डिसेम्बर महीनाभरि डिजिटल बैंकिङ अपनाउन प्रोत्साहन गर्न विभिन्न अफर प्रदान गर्नुका साथै विभिन्न स्थानमा वित्तीय साक्षरता बढाउने कार्यक्रम पनि गर्ने बताइएको छ ।

यस अभियानमा बैंकका ग्राहक केन्द्रित विभिन्न अफर ल्याएको बताइएको छ, जसमा सरलीकृत कर दाखिलाअन्तर्गत डिसेम्बर महीनाभरि मोबाइल मनीमार्फत आफ्नो स्थायी लेखा नम्बर वा राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गरी १०० रुपैयाँ वा बढीको मोबाइल रिचार्ज गर्ने ग्राहकले बैंकबाट थप १०० रुपैयाँको रिचार्ज प्राप्त गर्नेछन् ।

त्यस्तै बैंकको सहज बिजुली बिल भुक्तानी अफरअन्तर्गत मोबाइल मनी प्रयोगकर्ताले सजिलै एउटा मिस-कलमार्फत आफ्नो बिजुलीको बिल तिर्न सक्नेछन् । मोबाइल मनी एपबाटै सो सेवामा आबद्ध भई डिसेम्बर महीनाभरि मिस-कलमार्फत बिल भुक्तानी गर्ने ग्राहकले पनि १०० रुपैयाँ रिचार्ज प्राप्त गर्न सक्ने बताइएको छ ।

बैंकको क्रेडिट कार्डमा विशेष अफर डिसेम्बर महीनाभरि क्रेडिट कार्डको आवेदन दिई सो सेवा लिएमा जारी शुल्कका साथै ५ वर्षको वार्षिक शुल्कमा पनि छूट पाउने बताइएको छ ।

बैंकको 'आज किनौं, भोलि तिरौं' अफरअन्तर्गत क्रेडिट कार्ड ग्राहकले डिसेम्बर महीनाभरि आफ्नो क्रेडिट कार्ड प्रयोग गरी ३० हजार रुपैयाँभन्दा बढीको खरीद गरेमा विना कुनै प्रोसेसिङ शुल्क र ब्याजविना सो भुक्तानीलाई सरल किस्ताबन्दीहरूमा विभाजन गर्न सक्ने बताइएको छ ।

त्यस्तै अन्तर-बोर्डर भुक्तानी सेवामा बैंकका क्यूआर सेवाग्राही र व्यवसायीले विभिन्न भारतीय मोबाइल वालेटमार्फत डिसेम्बर महीनाभरि भुक्तानी लिँदा लक्की ड्रद्वारा विभिन्न पुरस्कार जित्न सक्नेछन् । बैंकले यस अभियानको एक मुख्य भागको रूपमा वित्तीय साक्षरताका लागि 'डिजिटल संवाद' आयोजना गर्ने बताइएको छ ।

# सानिमा रिलायन्स लाइफको शीप विकास कार्यशाला सम्पन्न

चितवन (अस) । सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको आयोजनामा वित्तीय सल्लाहकारहरूका लागि शीप विकास कार्यशाला सम्पन्न भएको छ । कम्पनीका हाकिमचोक, नारायणगढ, चनौली, टाँडी, पर्सा, माडी, गैंडाकोट, कावासोती, मनहरी र हेटौंडा शाखाअन्तर्गतका क्षेत्रमा रहेर कम्पनीमा आबद्ध १०० जना भन्दा धेरै वित्तीय सल्लाहकारको उपस्थिति रहेको बताइएको छ ।

कार्यक्रममा कम्पनीका नायव प्रमुख कार्यकारी अधिकृत निराजन कँडेलको समेत उपस्थिति थियो । उक्त कार्यक्रममा चिफ बिजनेश अफिसरद्वय सूर्यप्रकाश गुप्ता र गुणराज श्रेष्ठले बीमा क्षेत्रमा लागेका अभिकर्ताको क्षमता र शीप विकासका लागि विशेष प्रशिक्षण दिएका थिए । कार्यक्रममा सबैभन्दा धेरै पोलिसी ल्याउने, समूहमा धेरै बिजनेस गर्ने र सबैभन्दा धेरै सेल्फ कोड बिजनेस अभिकर्तालाई सम्मान गरिएको थियो ।

# एससीटी-युपिआई कार्डधारकलाई सिभिल मलमा निःशुल्क पार्किङ सुविधा

काठमाडौं (अस) । भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड (एससीटी) र काठमाडौंको सुन्धारामा रहेको सिभिल मलबीच एससीटी-युपिआई कार्डधारकका लागि निःशुल्क पार्किङ सेवा दिने सहमति भएको छ । यस सेवाअन्तर्गत एससीटी-युपिआई कार्डधारकले आफ्नो एससीटी-युपिआई कार्ड देखाएर सिभिल मलको अन्डरग्राउन्ड पार्किङ क्षेत्रमा चार घण्टासम्म निःशुल्क पार्किङ सुविधा लिन सक्नेछन् । यो सेवा हाललाई ६ महीनासम्म लागू हुन बताइएको छ । एससीटी-युपिआई डेबिट कार्ड लिन इच्छुक ग्राहकले एससीटीको कुनै पनि सदस्य बैंक तथा वित्तीय संस्थामा गएर सजिलै कार्डका लागि अनुरोध गर्न सकिनेछ ।

# महालक्ष्मी विकास बैंकको सहयोग कार्यक्रम

काठमाडौं (अस) । ३३औं अन्तरराष्ट्रिय अपांगता दिवसको अवसरमा महालक्ष्मी विकास बैंकले मंगलवार संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम सम्पन्न गरेको छ । शारीरिक अपांगता भएका तथा दृष्टिविहिनलाई सहयोग गर्ने उद्देश्य अनुरूप बैंकले अपांगता संरक्षण नेपालसँगको सहकार्यमा दरबारमार्गमा सेतो छडी लगायतका सामग्रीसमेत वितरण गरेको बताइएको छ । यस किसिमका कार्यबाट अपांगता भएका व्यक्तिको सहज जीवनयापन सहज तथा समावेशी र दिगो भविष्यको आधार निर्माण गर्न सहयोग पुग्ने विश्वास बैंकको छ ।

अपांगता दिवसको अवसरमा बैंकले अपांगता भएका व्यक्तिको बैंकिङ कारोबारलाई थप सहजीकरण गर्न उपलब्ध स्रोत, साधनको अधिकतम प्रयोग गरी बैंकको दरबारमार्ग शाखालाई अपांगतामैत्री शाखाको रूपमा विकास गर्ने बताइएको छ । साथै अपांगता भएका व्यक्तिलाई सहज सेवा प्रदान गर्न दरबारमार्ग शाखामा एक जना कर्मचारीलाई सम्पर्क व्यक्तिको रूपमा खटाइएको बैंकले जानकारी दिएको छ ।

# क्वालिटीको 'के मज्जा' चाउचाउ बजारमा

विराटनगर (अस) । तीन दशकभन्दा लामो समयदेखि विभिन्न खाद्यान्नको उत्पादन गर्दै आएको क्वालिटी थाई फुड्सले आफ्नो पछिल्लो उत्पादन 'के मज्जा' ब्राण्डको चाउचाउ बजारमा ल्याएको छ । क्वालिटीले श्रीराचा रामेनको स्वादमा यो चाउचाउ ल्याएको हो ।

श्रीराचा सस्लाई थाई स्वाद तथा अन्तरराष्ट्रिय बजारमा उत्तम क्वालिटीको सस् मानिने कम्पनीको भनाइ छ । यो चाउचाउ चाउचाउको तुलनामा सस्तो भएको समेत कम्पनीको दाबी छ । ८० ग्राम तौलमा आएको के मज्जाको उपभोक्ता मूल्य रू. ३० मात्र रहेको बताइएको छ । यो चिकेन र भेज दुबैमा स्वादमा उपलब्ध रहेको कम्पनीका मेनेजर शंकर दाहालले बताए । उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखेर आवश्यक मात्रामा मात्र पिरोको मात्रा राखिएको समेत दाहालले जानकारी दिए । विराटनगरबाट विक्री शुरू गरिएको यो चाउचाउ विस्तारै नेपालभर उपलब्ध गराउने बताइएको छ ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई सिग्मा डायग्नोसिसमा छूट


काठमाडौं (अस) । ग्लोबल आइएमई बैंकका ग्राहकले सिग्मा डायग्नोसिस ल्याबमा ४० प्रतिशत छूट पाउने भएका छन् । बैंक र ल्याबबीच यससम्बन्धी समझदारीमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा बैंकका सहायक महाप्रबन्धक तथा बागमती प्रदेश प्रमुख रुपेन्द्र वाग्ले र ल्याबका ल्याबरोटोरी डाइरेक्टर वेदप्रकाश मिश्रले हस्ताक्षर गरेका छन् । समझदारीअनुसार बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक एवम् बैंकको मोबाइल बैंकिङ 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताले ल्याबको इनहाउस टेस्टमा ४० प्रतिशत र आउटसोर्स सेवामा २० प्रतिशत छूट पाउनेछन् । ल्याबले भक्तपुरको राधेराधेबाट सेवा प्रदान गर्दै आएको छ । ग्राहकको सुविधालाई ध्यानमा राखेर बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजना ल्याएर ग्राहकलाई लाभान्वित गर्दै आएको छ ।

## धितो रहेको अचल सम्पत्ती लिलाम विक्री सम्बन्धी ३५ दिने सार्वजनीक सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/१९ गते

यस संस्थाका ऋणी सदस्य श्री बालकृष्ण बुढाथोकीले नियमानुसारको अचल सम्पत्ती धितो राखी कर्जा लिएकोमा सो कर्जा लिदाका बखत संस्था संग गरेको शर्त सम्झौता बमोजीम भाखा भित्र तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज सहितको रकम नबुझाई कर्जा सम्बन्धी कबुलियतको शर्त उलंघन गर्नु भएको र कर्जाको भुक्तानी म्याद समाप्त भै संस्थाले पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत कर्जा चुक्ता गर्न नआउनु का साथै सम्पर्क समेत नरहनु भएकाले मिति २०८०/०९/१२ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनीक पत्रीकामा ३५ दिने सूचना प्रकाशित गरी ऋण तिर्न ताकेता गर्दा समेत कुनै चासो नदेखाएको हुदा पुनः मिति २०८१/०७/२१ गतेको राष्ट्रिय दैनीक नयाँ पत्रिकामा १५ दिने सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता गर्न नआएको हुदा ऋणिको नामको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित अचल सम्पत्ति लिलाम बिकिको लागी संस्था बाध्य भई यो सूचना प्रकाशित गरिएको छ र कदम कदाचित राखिएको धितो बाट असुल उपर हुन नसके कानुन अनुसार ऋणी र ऋणीका परिवारहरुको नाममा रहेको अन्य चल अचल सम्पत्ति बाट समेत असुल उपर गराई सम्बन्धित ऋणी सदस्यलाई कालो सूचिमा समावेश गर्ने तर्फको प्रक्रिया चलाईने व्यहोरा समेत जानकारी गराईन्छ । साथै धितो लेखिदिनु हुने महानुभावलाई समेत धितो लिलाम विकिको बारेमा जानकारी दिदै सम्बन्धीत सबैका जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण | लिलाम डाँक बढाबढ मिति समय र स्थान |
|---|---|---|
| **ऋणी : बालकृष्ण बुढाथोकी** ना.प्र.नं.:२११०३५/१३०७४ (रामेछाप) बाबुको नाम : खड्ग बहादुर बुढाथोकी बाजेको नाम : रण बहादुर बुढाथोकी ठेगाना : रामेछाप जिल्ला साविक गेलु गा.वि.स. वडा नं.०९ घर भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २५ असन बस्ने ।  | बालकृष्ण बुढाथोकी को नाममा मालपोत कार्यालय कलंकीमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला साविक ईचंगुनारायण गा.वि.स वडा नं. ०१ स्थित नक्सा सीट नं. १०२१०२१०१ कित्ता नं.२१० को क्षेत्रफल १५८.९५ बर्गमीटर भएको जग्गा । (फिल्डमा मोटर बाटो भएको) | लिलाम डाँक बढाबढ हुने मितिः २०८१ पुष २४ गते बुधवार समय : १४:०० बजे देखि १६:०० बजे सम्म । स्थान : संस्थाको कार्यलय, धुम्बाराही काठमाण्डौ । उपरोक्त जग्गाको मूल्याङ्कन अनुसार रु. ४५,००,०००/- (पैतालीस लाख मात्र) न्यूनतम लिलामी मुल्य कायम गरिएको । |

**लिलामीका शर्तहरु :**

१. लिलाम बढाबढ कार्य प्रारम्भ हुनुभन्दा १ घण्टा अगाडी सम्म ऋणीले संस्थामा बुझाउनु पर्ने रकम बुझाएमा लिलामी कारवाही रोक्न सकिनेछ ।
२. कर्जा लिदा राखेको धितो मध्ये ऋणीले राखेको धितोले नपुगेमा मन्जुरीनामा दिने व्यक्तिको धितो समेत लिलाम बढाबढ हुनेछ ।
३. लिलाम हुने दिन ऋणी स्वयं वा प्रतिनिधि उपस्थित हुन वा गराउन पत्र पठाइनेछ । पत्र प्राप्त नभएमा यसै सूचनाबाट प्राप्त भएको मानिने छ । ऋणी वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बढाबढ कार्य रोकिने छैन ।
४. अदालत वा अन्य अधिकार प्राप्त निकायबाट लिलाम रोक्का गर्ने आदेश प्राप्त भएमा लिलाम स्थगित गर्न सकिनेछ ।
५. अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको अंक १० प्रतिशतले हुने रकम तत्काल धरौटी स्वरुप संस्थाको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।
६. डाँक कबोल अस्वीकृत भएमा ७ दिन भित्र मात्र धरौटी फिर्ता दिइनेछ ।
७. लिलाम सकार गरेको जग्गा आफ्नो नाममा दा.खा. गरी लिनका लागि लाग्ने सम्पूर्ण दस्तुर आफै व्यहोर्नु पर्नेछ ।
८. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम सदर भएको सूचना पाएको मितिले ७ दिन भित्र कबोल गरेको बाँकी रकम बुझाई कबोल गरी लिन चाहेको जग्गा दा.खा. गरी दिन संस्थामा निवेदन दिनु पर्नेछ । ७ दिन भित्रमा निवेदन नदिएमा धरौटी स्वरुप रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ ।
९. तोकिएको दिन बिदा परेमा कार्यालय खुलेको दिनमा लिलाम बढाबढ हुनेछ ।
१०. लिलाम गर्दा गर्दै कार्यालय समय भित्र काम नसकिएमा अर्को दिन कार्यालय खुलेको दिन पुनः लिलाम कार्य गरिनेछ ।
११. लिलाम हुने सम्पत्ति घरजग्गा हेर्न चाहेको महानुभावले कार्यालय समयमा कार्यालयमा सम्पर्क गरी हेर्न वा बुझ्न सकिनेछ ।
१२. लिलाम गर्दा यस संस्थाले तोकेको स्थानमा बिभिन्न सरकारी प्रतिनिधिहरुको रोहवरमा गराइने छ ।
१३. न्यूनतम डाँक मूल्य लिलाम बढाबढ गर्ने दिन सम्मको ऋणीबाट संस्थाले लिनुपर्ने सम्पूर्ण रकम हिसाव गरी कायम गरिनेछ ।
१४. लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी फिर्ता माग गर्न वा ब्याज दावी गर्न पाइने छैन ।
१५. डाँक बढाबढको सम्पूर्ण कार्यक्रम स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यसै संस्थामा निहित रहनेछ ।

**फ्लास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
धुम्बाराही चोक, रिङरोड, काठमाण्डौ, फोन नं. ०१-४३७३२३२

## धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिने बारे प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/०८/१९ गते)

यस बैंकका देहायका शाखा कार्यालयहरुबाट निम्न बमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरुले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा आई आफुले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै, यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैले सकार गर्न सक्ने ब्यहोरा समेत जानकारी गराईएको छ ।

यो सूचना बमोजिम ३५(पैंतीस) दिन भित्र चुक्ता नभएमा तपसीलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ औं दिन वा सो भन्दा अगाडि नै शाखा कार्यालय रामपुर, पाल्पामा कार्यालय समयभित्र आईपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आब्हान गरिन्छ । बोलपत्र सुचना प्रकाशन भएको ३६ औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूवर्क दर्ता हुन आएका बोलपत्र फारमहरु दिनको १:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन । साथै, कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसील**

गोप्य शिलबन्दी पेश गर्ने अन्तिम मिति : २०८१ साल पौष महिना २३ गते
धितो लिलाम बिक्री हुने मिति : २०८१ साल पौष महिना २४ गते दिनको १:०० बजे
**सम्बन्धित कार्यालय :** कृषि विकास बैंक लि. शाखा कार्यालय रामपुर, पाल्पा
**शिलबन्दी बोलपत्र टेण्डर हुने कार्यालय/स्थान :** कृषि विकास बैंक लि. शाखा कार्यालय तानसेन, पाल्पा

**ग्राहकको विवरण**

ग्राहकको नाम : आचार्य विविध सप्लायर्स — दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, तानसेन, पाल्पा — फर्मको दर्ता नं.: २५८१/०७२
दर्ता मितिः २०७२/०५/१७ — पान नं.: ६०००९५३९६

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ब्यापार/१८१४५६१ | शंकर प्रसाद आचार्य | पाल्पा | रामपुर | १ | ८९४ | ४-३-१-३ | घर समेत |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरीकता जारी भएकोजिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| शंकर प्रसाद आचार्य | रामपुर ६, विजयपुर पाल्पा | ३९-०२-७६-०१६५७ | पाल्पा/२०७६/०९/१४/जिल्ला प्रशासन कार्यालय | हुतनाथ आचार्य | भवेश्वर आचार्य |

ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| शकुन्तला आचार्य | रामपुर ६, विजयपुर पाल्पा | १०२८०९ | पाल्पा/२०६०/०८/०३/ जिल्ला प्रशासन कार्यालय | शंकर प्रसाद आचार्य | हुतनाथ आचार्य |
| नविन आचार्य | रामपुर ६, विजयपुर पाल्पा | ३९-०२-७६-०१६५८ | पाल्पा/२०७६/०९/१४/ जिल्ला प्रशासन कार्यालय | शंकर प्रसाद आचार्य | हुतनाथ आचार्य |

**शर्तहरू :**

१. शिलवन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००।- (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शिर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, बोलपत्रको खाम बाहिर कर्जा शिर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्नेछ ।
३. रित नपुगेको, न्यूनतम् मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ ।
५. टेण्डर मिति २०८१।०९।२४ का दिन दिनको १:०० बजे कृषि विकास बैंक शाखा कार्यालय तानसेनमा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा खोलिने छ ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाव वा धरौटी वापत शाखा कार्यालय तानसेन, पाल्पामा सम्पर्क राखी जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिन भित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरि सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ । साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ ।
१२. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
१३. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ ।
१४. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं**

*कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित भई बीमा ऐन, २०७९ बमोजिम संचालित*

## गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड
## GUARDIAN MICRO LIFE INSURANCE LIMITED

रजिष्टर्ड ठेगानाः- विराटनगर महानगरपालिका, मुनालपथ, मोरङ्ग, नेपाल
फोन नं.: ९७७-०२१-५९०९०२, वेबसाइटः www.gmli.com.np | इमेल : info@gmli.com.np

### वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको आफ्नो जारी पूँजी रु ७५,००,००,०००।- (अक्षरेपी पचहत्तर करोड मात्र) को ३० प्रतिशत अर्थात रु.२२,५०,००,०००।- (अक्षरेपी बाईस करोड पचास लाख मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरको २२,५०,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात् २,२५,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई प्रथम चरणमा **आज मिति २०८१ मंसिर १९ गते बुधबार**देखि निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्याः १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्याः १००,००० कित्ता |
|---|---|

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रू. १००/- का दरले शत्प्रतिशत भुक्तानी माग गरिएको ।**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १ | कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेबसाइट www.kumaricapital.com |
| २ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड, विराटनगर, मुनालपथ, मोरङ्ग र वेबसाइट : www.gmli.com.np |
| ३ | नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

| क्र.सं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानः |
|---|---|
| १. | वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई प्रथम चरणमा साधारण शेयरको बिक्री खुल्ला अवधिः**

| | |
|---|---|
| निष्काशन खुल्ला मितिः | २०८१/०८/१९ गतेदेखि |
| निष्काशन बन्द हुने मितिः | २०८१/०९/०३ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**कम्पनीको नेटवर्थ, प्रति शेयर आम्दानी र सञ्चित नाफा/नोक्सानसँग सम्बन्धित वास्तविक तथा प्रक्षेपित संक्षिप्त विवरणः**

| विवरण | वास्तविक | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| प्रति शेयर नेटवर्थ (रु.) | - | १००।३४ | १००।५९ | १०१।२६ | १०२।५७ | १०४।११ |
| प्रति शेयर आम्दानी (रु.) | - | ०।३४ | ०।२५ | ०।८५ | १।३० | १।५४ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | - | १,५८३।५५ | २,७५०।४७ | ८,४१४।४४ | १७,११७।७५ | २७,४२४।१९ |

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था**

**यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्ग संस्था श्री केयर रेटिङ्ग नेपाल लिमिटेड, पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८१/०४/२३ गते** "[CARE-NP-BB-(is)] (Double B Minus)" **प्रमाणपत्र प्राप्त गरेको छ ।** "[CARE-NP-BB-]" **ले** (Issue with the rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations ) **भन्ने जनाउँदछ । यो रेटिङ्गको अवधि ग्रेडिङ्ग प्राप्त भएको मितिले एक बर्ष अर्थात २०८२/०४/२१ गतेसम्म बहाल रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले** CARE-NP AAA (IS) **देखि** CARE-NP D(IS) **प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा** CARE-NP AAA (IS) **ले बलियो आधार जनाउँदछ भने** CARE-NP D(IS) **ले कमजोर आधारहरु जनाउँछ ।** CARE-NP BBB b]lv CARE-NP BB(Is) **ले औसत आधारहरु जनाउँदछ ।** "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) **ले औषत भन्दा कम आधारहरु जनाउँदछ ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८१ मंसिर ११ गतेको "आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेबसाइटः www.gmli.com.np, नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटः www.kumaricapital.com मा रहेको "**विवरणपत्र**" हेर्नुहुन अनुरोध गर्दछौं ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वःविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
**कुमारी क्यापिटल लिमिटेड**
**KUMARI CAPITAL LIMITED**
Invest for your future
दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोनः ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

बुधवार, १९ मङ्सिर २०८१ । Wednesday, 4 December 2024

आर्थिक अभियान

हाम्रो स्वतन्त्रता बचाउन हामीले हाम्रा शासकलाई हामीमाथि निरन्तर ऋणको भार थप्न दिनु हुँदैन । हामीले अर्थतन्त्र वा स्वतन्त्रतामध्ये कुनै एक छान्नुपर्छ ।

**- थोमस जेफर्सन**

## सम्पादकीय

# चीनको भन्साररहित सुविधा

**चीनले मङ्सिर १६ गतेदेखि लागू हुने गरी सबै अल्पविकसित मुलुक (एलडीसी) का शतप्रतिशत वस्तुलाई विनाभन्सार चीन प्रवेश दिने घोषणा गरेको छ । चीनको स्टेट काउन्सिलअन्तर्गतको भन्सार दर आयोगले चीनसँग दौत्य सम्बन्ध भएका सबै अतिकम विकसित मुलुकलाई शून्य भन्सार दरको सुविधा दिन थालेको हो । नेपालले पनि यो सुविधा पाएको छ तर २०२६ मा नेपालको स्तरोन्नति भई विकासशील मुलुकमा पुग्ने हुँदा चीनको यो सुविधा नेपालका लागि उपयोगी नहुने देखिएको छ ।**

**नेपालको चीनसँगको व्यापारघाटा बढ्दो छ । नेपालको दोस्रो ठूलो व्यापारिक साझेदार चीनतर्फ नेपालबाट हुन निर्यात ज्यादै सानो आकारको छ । भन्सार विभागका अनुसार आर्थिक वर्ष (आव) २०८०/८१ मा नेपालको चीनसँगको निर्यात आयात अनुपात १:११५ रहेको छ । थोरै मूल्यको भए तापनि करीब ८७ प्रकारका विभिन्न वस्तु नेपालबाट चीन निर्यात हुने गरेको छ । तर, ती वस्तु अन्य देशबाट चीनमा ठूलो परिमाणमा आयात भएको देखिन्छ । नेपालले चीनतर्फ निर्यात गर्न नसक्नुको एउटा मुख्य कारण पर्याप्त र गुणस्तरीय उत्पादन गर्न नसक्नु हो । त्यस्तै अन्य चिनियाँ मापदण्ड पूरा गर्न नसक्दा नेपालको उत्पादन सहज निर्यात हुन नसकेको हो । यसमा नेपालकै कमजोरी बढी देखिन्छ । यस्तोमा भन्साररहित सुविधा पाउँदा ती वस्तु मूल्यमा प्रतिस्पर्धी हुने र निर्यातकर्तालाई बढी लाभ हुने हुन्छ । तर, नेपालले योजना बनाएर कति वर्षमा केकति उत्पादन गर्ने र कति निर्यात गर्न सकिन्छ भनेर योजनाबद्ध ढंगले काम गरेको देखिँदैन । त्यसो हुँदा सम्भावना भएर पनि नेपालले चीनको विशाल बजारको फाइदा लिन सकेको छैन ।**

**चीनले अतिकम विकसित मुलुकहरूका सबै उत्पादनलाई भन्साररहित प्रवेश सुविधा दिँदा त्यसको लाभ नेपाललाई पनि पक्कै छ । तर, यो सुविधा उपभोग गर्न पाउने समयावधि भने निकै छोटो छ । त्यसैले थप उत्पादन बढाएर फाइदा लिन नसके पनि भइरहेको निर्यात केही बढाएर लाभ लिन सक्ने अवस्था भने**

**अहिले प्रधानमन्त्री चीन भ्रमणमा हुनुहुन्छ । व्यापारघाटा कम गर्न नेपालले निकासी गर्न सक्ने वस्तुहरू कसरी चिनियाँ बजारमा सहज प्रवेश दिलाउन सकिन्छ, गैरभन्सार अवरोध हटाउन केके गर्नुपर्छ जस्ता कुरामा ठोस प्रस्ताव राखेको देखिँदैन ।**

**रहेको छ । संयुक्त राष्ट्रसंघका अनुसार विश्वमा अहिले ४५ ओटा अतिकम विकसित मुलुक रहेका छन् । तिनमा सबैभन्दा बढी संख्या अफ्रिकी मुलुकको रहेको छ । चीनसँग सिमाना जोडिएका यस्ता मुलुकको संख्या ५ रहेको छ । त्यसैले यसबाट बढी लाभ लिन सक्ने मुलुक नेपाल पनि हो । तर, नेपालले यो अवसर दोहन गर्न त्यति सहज देखिन्न ।**

**यसअघि पनि चीनले नेपाललाई ८ हजारभन्दा बढी वस्तुमा भन्साररहित सुविधा दिइआएको छ । तर, त्यसरी सुविधा दिएका वस्तुको नेपालमा उत्पादन खासै छैन । यस्ता वस्तुको उत्पादनतर्फ व्यवसायीले चासो नै दिएनन् । त्यसो हुँदा यस्तो सुविधाको उपयोग पनि नेपालले गर्न सकेको छैन ।**

**नेपाल सन् २०२६ पछि अतिकम विकसितबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदै छ । त्यसो हुँदा अहिले चीनले दिन थालेको भन्सार सुविधा नेपालले दुई वर्षमात्र उपयोग गर्न पाउनेछ । त्यसपछि के हुने भन्ने स्पष्ट छैन । अर्थात् नेपालले यस्तो सुविधा लिनका लागि चीनसँग द्विपक्षीय सम्झौता गर्नुपर्ने हुन्छ । त्यसका लागि नेपालले अहिलेदेखि नै तयारी थाल्नुपर्ने देखिन्छ ।**

**खासगरी नेपालले स्तरोन्नतिपछि कुनकुन क्षेत्रमा असर पर्छ अध्ययन अनुसन्धान गरेर सुविधाको निरन्तरताका लागि सम्बन्धित देशहरूसँग कूटनीतिक पहल गर्नुपर्ने देखिन्छ । चीनसँग मात्र होइन, अमेरिका, बेलायतलगायत नेपालका प्रमुख व्यापारिक साझेदारसँग द्विपक्षीय सम्झौता गर्न गृहकार्य थालिहाल्नुपर्छ ।**

**अहिले प्रधानमन्त्री चीन भ्रमणमा हुनुहुन्छ । त्यहाँ केके सहयोग माग्ने भन्ने नेपालको लामो सूची छ तर व्यापारघाटा कम गर्न नेपालले निकासी गर्न सक्ने वस्तुहरू कसरी चिनियाँ बजारमा सहज प्रवेश दिलाउन सकिन्छ, गैरभन्सार अवरोध हटाउन केके गर्नुपर्छ जस्ता कुरामा ठोस प्रस्ताव राखेको देखिँदैन । यसले नेपाल निर्यात व्यापारका लागि खासै चासो राख्दैन भन्ने देखिन्छ ।**

आर्थिक अभियान

## १० वर्षअघिको आर्थिक अभियानबाट

# भाग्यशाली अंक ७ होइन, ४

अंक ७ लाई भाग्यशाली जादूको मन्त्र भएको विश्वास विश्वमा लामो समयदेखि विद्यमान छ । तर, हालै गरिएको एक मनोवैज्ञानिक अध्ययनले भने यो परम्परागत मान्यतालाई चुनौती दिँदै अंक ४ भाग्यशाली भएको दाबी गरेको छ । अष्ट्रेलियाका एक नामी मनोविज्ञले गरेको उक्त अध्ययनमा मानिसहरूको मष्तिस्कले सूचना र तथ्यांक प्रशोधन गर्दा एकपटकमा चारओटासम्मको विश्लेषण गर्दा नअलमलिने सम्भावना छ, त्यसपछि मस्तिष्क अलमलिने पाइएको छ ।

जर्नल एक्टा साइकियाट्रिका स्क्याण्डिनाभिसियाको पछिल्लो अंकमा प्रकाशित उक्त अध्ययनको शोधले सन् १९५६ मा अमेरिकी मनोविज्ञ जर्ज मिलरले गरेको अर्को अनुसन्धानलाई खण्डन गरेको छ । मिलरले विख्यात मनोवैज्ञानिक जर्नल 'द साइकोलोजिकल रिभ्यू'मा उक्त वर्ष प्रकाशित एक लेखमा मानव मस्तिष्कले एकपटकमा सातओटा सूचना अथवा तथ्यांकको प्रशोधनमात्र गर्न सक्ने उल्लेख गरेका थिए ।

द म्याजिकल नम्बर सेभेन, प्लस अर माइनस टू, सम लिमिट्स अन आवर क्यापासिटी फर प्रोसेसिङ इन्फरमेशन शीर्षकमा प्रकाशित उक्त आलेख अहिलेसम्म छापिएका सबैभन्दा प्रभावशाली मनोवैज्ञानिक शोधमध्ये एक मानिँदै आइएको छ । तर, मिलरको सोध पनि अपूर्ण रहेको बताउँदै अष्ट्रेलियाली अनुसन्धानकर्ताहरूले मानव मस्तिष्कले एकपटकमा चारओटा मात्र सूचना र तथ्यांकहरूको प्रशोधन गर्न सक्ने बताएका छन् ।

**वर्ष ८, अंक ७५, सोमवार १८ मङ्सिर, २०६९**

# देशको सार्वभौम शाखको स्तर निर्धारण

## आशा र भावी अपेक्षाहरू

हालै अन्तरराष्ट्रिय संस्था 'फिच'ले नेपालको सार्वभौम शाखको मूल्यांकन गरी स्तर निर्धारण गरेपछि त्यसले पार्ने विविध प्रभावका बारेमा चर्चा परिचर्चा प्रारम्भ भएको छ । सन् २०१९ मा प्रारम्भ भएको यस प्रकारको मूल्यांकनको नतिजा आएपछि बहने अहिले नेपाल विश्व-मञ्चमा नयाँ पहिचानका साथ प्रवेश गरेको मान्न सकिन्छ ।

यो आलेखमा शाखको स्तर निर्धारणले पार्ने प्रभावहरूका बारेमा चर्चा गर्नुका अतिरिक्त यस्तो स्तर निर्धारणका लागि आवश्यक पर्ने मूल्यांकन गर्ने आधार एवं त्यसको संक्षिप्त इतिहासका बारेमा पनि चर्चा गरिनेछ ।



**फिचले आर्थिक अवस्थाका आधारमा मात्र नभई सामाजिक एवं राजनीतिक अवस्थालाई समेत विश्लेषण गरेर सार्वभौम शाखको मूल्यांकन गरी स्तर निर्धारण गर्ने गर्छ । यसको नतिजालाई विश्वव्यापी रूपमा नै विश्वसनीय मानिन्छ ।**

**- प्रकाश भण्डारी**

### फिच रेटिङ इतिहास

फिच रेटिङको इतिहास खोतल्ने हो भने अमेरिकाका उद्योगपति, व्यवसायी, लेखक एवं अर्थशास्त्री जोन नोल्स फिचको नाम अग्रपंक्तिमा आउँछ । उनैले सन् १९१४ को डिसेम्बर महीनामा अमेरिकाको वालस्ट्रिटमा फिच पब्लिसिङ कम्पनीको नाममा यो संस्थाको स्थापना गरेका थिए । फिचले सन् १९२० मा नै कुनै पनि कम्पनीको शाखलाई अक्षरात्मक रूपमा तीनओटा ए देखि लिएर डी सम्मको स्तर निर्धारण गर्ने कार्यको शुरुआत गरेको थियो ।

पछि सन् १९७५ मा यो एजेन्सीलाई अमेरिकाको सेक्युरिटी एन्ड एक्सचेन्ज कमिशनले स्तर निर्धारण गर्ने राष्ट्रिय एजेन्सीका रूपमा मान्यता प्रदान गऱ्यो । सन् २००० मा यसले सिकागोमा रहेको अर्को शाख निर्धारण गर्ने 'डफ एन्ड फेल्प्स' र 'थमसन फिनान्सियल बैंक वाच'लाई खरीद गरे पछि अहिले यो विश्वकै तेस्रो ठूलो शाख निर्धारण गर्ने संस्थाका रूपमा रहेको मानिन्छ । अहिले यसका ४० वटा अन्तरराष्ट्रिय कार्यालयमा १६०० भन्दा बढी तथ्यांक विश्लेषकसहित ५००० भन्दा बढी कर्मचारी कार्यरत छन् ।

### के हो सार्वभौम शाखको स्तर निर्धारण ?

कुनै पनि देशको कर्जा तिर्नसक्ने सामर्थ्यका साथै त्यहाँ गरिने लगानीको प्रतिफल सुरक्षाका सम्बन्धमा स्वतन्त्र ढंगले गरिने मूल्यांकनलाई सार्वभौम शाखको स्तर मूल्यांकन मान्न सकिन्छ । यसको निष्कर्षले कुनै पनि देशले कर्जा चुक्ता गर्न सक्ने कि नसक्ने भनी निर्धारण गर्नुका साथै त्यहाँ अहिले गरिने लगानीको भविष्य आर्थिक, राजनीतिक एवं अन्य कारणले कति जोखिमयुक्त छ भनी आकलन गर्ने गर्छ ।

### विश्वसनीयता

यस्ता एजेन्सीले गर्ने मूल्यांकनको विश्वसनीयतामाथि शंका नै गर्नु पर्दैन भन्नेचाहिँ होइन । खास गरी सन् २००७ पछि देखिएको विश्व आर्थिक संकटको आलोकमा यस्ता एजेन्सीहरूको मूल्यांकनको नतिजा माथि प्रश्न चिह्न खडा गर्नेहरू प्रशस्त छन् । न्यूयोर्क टाइम्सका अनुसार सन् २००६ मा मूल्यांकनमा तीनओटा 'ए' प्राप्त गरेका संस्थामध्ये करीब ९३ प्रतिशत संस्थाहरूमा सन् २०१० मा नै संकट आइसकेको थियो । यस्तै प्रकारको आलोचना क्रेडिट सुइसे बैंकको सन्दर्भमा पनि गर्ने गरिन्छ जुन बैंक धराशयी हुने बेलासम्म पनि फिचको मूल्यांकनमा 'ए धनात्मक' को स्तरमा परेको थियो ।

यति भए तापनि विश्वका प्रतिष्ठित र विश्वसनीय रेटिङ एजेन्सीमध्ये 'फिच' पनि एक हो । यसैले कुनै पनि देशमा लगानी गर्नुपूर्व लगानीकर्ताले 'फिच'ले उक्त देशको मूल्यांकन कसरी गरेको छ भनेर हेर्न उसले निर्धारण गर्ने शाखको स्तरलाई हेर्ने गर्छन् । त्यसैले फिचले निर्धारण गर्ने कुनै पनि देशको शाखको स्तरलाई लगानीकर्ता, लगानी मध्यस्थकर्ताहरू (इन्भेस्टमेन्ट बैंक), ऋण जारी गर्ने एशियाली विकास बैंक, विश्व बैंकजस्ता संगठन तथा अन्य दातृ निकायले नजिकका साथ नियालिरहेका हुन्छन् ।

**मुलुकको साख मूल्यांकन पहिलोपटक हुनु नै नेपालका लागि उपलब्धिपूर्ण मान्न सकिए पनि आगामी दिनमा हुने पुनर्मूल्यांकनमा अहिलेको नतिजामा 'नन इन्भेस्टमेन्ट ग्रेड' मा परेर सन्देहास्पद नतिजा प्राप्त गरेको नेपालले 'इन्भेस्टमेन्ट ग्रेड'तर्फ उकालो लाग्ने गरी आर्थिक एवं राजनीतिक वातावरणमा सुधार गर्नु अपरिहार्य देखिन्छ ।**

फेरि फिचले आर्थिक अवस्थाको आधारमा मात्र नभई सामाजिक एवं राजनीतिक अवस्थालाई समेत विश्लेषण गरेर सार्वभौम शाखको मूल्यांकन गरी स्तर निर्धारण गर्ने गर्छ । साथै यसले स्थानीय सरकार तथा निकायहरू, वित्तीय संस्थाहरू समेतको अवस्थाको गहिरो विश्लेषण गरी देशको सार्वभौम शाख निर्धारण गर्ने गर्छ । यसै कारणले पनि यसको नतिजालाई विश्वव्यापी रूपमा नै विश्वसनीय मानिन्छ ।

लन्डन र न्यूयोर्कमा मुख्यालय रहेको यो रेटिङ एजेन्सीले आफ्नो विश्वसनीयताका कारण विश्वस्तरका पुरस्कारहरू पनि जितेको छ ।

### स्तर-वर्गीकरण र नेपालको निर्धारित स्तर

फिचको रेटिङलाई एदेखि डी श्रेणीसम्म निर्धारण गरी प्रत्येकमा पुनः तीन श्रेणी बनाइएको हुन्छ । एएए, एए, र ए जस्तै बीबीबी, बीबी, बी, सीसीसी, सीसी, सी तथा डी मा आरडी, डी र एनआर गरी श्रेणी विभाजन गरिएको हुन्छ ।

यस्तो श्रेणीमा सबैभन्दा उत्तम तीनवटा ए र सबैभन्दा निम्न डी लाई मानिन्छ । एनआर भनेको मूल्यांकन नगरिएको अवस्थालाई बुझाउँछ जुन अवस्था केही दिनअघिसम्म नेपालको रहेको थियो ।

तीनओटा ए भने अहिलेसम्म अमेरिकाले मात्र प्राप्त गरेकोमा उसले पनि गतवर्ष घटुवामा परेर एए धनात्मक रेटिङ मात्र प्राप्त गरेको छ ।

फिचले अहिले नेपालको सार्वभौम शाखको मूल्यांकन गरी बीबी ऋणात्मक नतिजा सार्वजनिक गरेको छ । भारतको रेटिङ पनि बीबीबी ऋणात्मक रहेको छ । यस अर्थमा नेपाल र भारतको तुलना गर्ने हो भने नेपालले भारतको भन्दा एक तह मात्र कम रेटिङ प्राप्त गरेको छ ।

बीबी नतिजाले समग्रमा ऋण तथा लगानीका लागि विचारणीय अवस्थाको द्योतन गर्छ । बी श्रेणीको तीनओटा नतिजामा बीबी ऋणात्मक सबैभन्दा कमजोर अवस्था हो । 'बी' भन्दा भने उत्तम अवस्था हो । 'बी' ले कर्जा तथा लगानी डुब्न सक्ने प्रबल सम्भावना हुने तथा नियमित कर्जा भुक्तानीमा समेत समस्या हुने देखाउँछ । यसले भविष्यमा आर्थिक एवं व्यावसायिक क्षेत्रमा कथं प्रतिकूल अवस्था सृजना भयो भने त्यो देशमा गरिने लगानी डुब्ने जोखिमको अवस्थातर्फ परिलक्षित गर्छ । नेपाल यसभन्दा माथिल्लो चरणमा हुनु पक्कै पनि सुखद अवस्था हो ।

यस्तो नतिजाका लागि फिचले नेपालका केही महत्त्वपूर्ण तथ्यहरूको विश्लेषणलाई आधार मानेको छ । खासगरी नेपालको आन्तरिक एवं बाह्य ऋणको मात्रा न्यून भएको, बाह्य क्षेत्र (विदेशी मुद्राको सञ्चिति) अधिक भएको तथा जलविद्युत् क्षेत्रमा भएको विकासले यस्तो नतिजा आउन मद्दत पुगेको उसले बताएको छ । नेपालको सरकारी ऋणमध्ये हाल करीब ४० प्रतिशत ऋण बाह्य क्षेत्रको रहेको र त्यसको पनि अधिकांश अंश सहुलियतपूर्ण रहेको अवस्थाले पनि सकारात्मक नतिजाका लागि योगदान गरेको 'फिच' को निष्कर्ष छ ।

कुल गार्हस्थ्य उत्पादनको ४४ प्रतिशत सरकारी ऋण भएको तथ्यलाई अनुमानित ५५ प्रतिशतभन्दा कम भएको तथा अर्को वर्षदेखि अल्प विकसित देशबाट स्तरोन्नति भएर विकासशील देश भएपछि पनि नेपालले सहुलियतपूर्ण ऋण प्राप्त गर्नेसमेत अपेक्षामा मूल्यांकनको नतिजा अपेक्षाकृत सकारात्मक आएको छ ।

बैंकिङ क्षेत्रले निजीक्षेत्रमा प्रवाह गरेको कर्जाको मात्रा कुल गार्हस्थ्य उत्पादनको ८६ प्रतिशतको हाराहारीमा रहेको भए पनि जीडीपीकै १०६ प्रतिशतको हाराहारीमा भएको विप्रेषणमा आधारित निक्षेप भएबाट त्यसले पनि जोखिमलाई न्यूनीकरण गर्न मद्दत पुऱ्याएको छ । केही वित्तीय परिसूचकहरू खस्कँदो अवस्थामा रहे पनि ती अझै अनुकूलताकै सीमाभित्र रहनाले पनि नेपालको शाख मूल्यांकनलाई सकारात्मक नतिजातर्फ डोऱ्याउन मद्दत पुगेको देखिन्छ ।

राजनीतिक अस्थिरताका कारण बारम्बार सरकारहरू परिवर्तन भएर दीर्घकालीन नीति निर्माण तथा विकास योजना तर्जुमा गर्न समस्या देखिए पनि देशको आर्थिक तथा वित्तीय व्यवस्थापनमा आम रूपमा एकमत रहेको र यस्तो राजनीतिक अस्थिरताले केन्द्रीय बैंकको सञ्चालनमा खासै तात्त्विक असर नगरेको पक्षले पनि नेपालको सकारात्मक नतिजाका लागि बाटो खुला गरेको फिचले बताएको छ ।

समग्रमा भन्नुपर्दा यो नतिजाले नेपालमा गरिने लगानी डुब्दैन र त्यसले उचित प्रतिफल दिन्छ भन्ने संकेत गरेको छ । साथै वित्तीय स्रोत परिचालनका लागि नेपालमा अझ प्रशस्त ठाउँ छ भन्ने पनि यो नतिजाले देखाएको छ ।

शाख निर्धारणका उपलब्धि र अबको बाटो रेटिङले विशेष गरी अन्तरराष्ट्रिय क्षेत्रमा देशको अवस्थालाई स्पष्टसँग झल्काउने हुनाले विश्वसनीयता अभिवृद्धि गर्न मद्दत गर्छ । शाख मूल्यांकनले कुनै पनि देश लगानीको लागि योग्य छ भन्ने दर्शाउने गर्छ । अर्को शब्दमा भन्ने हो भने रेटिङको नतिजा कमजोर नै देखिए पनि यसले कमसे कम अन्तरराष्ट्रिय लगानीको लागि योग्य मुलुकको श्रेणीमा राख्ने हुनाले यसको छुट्टै विशिष्ट महत्त्व रहन्छ । रेटिङ नै नभएको अवस्थाबाट रेटिङ हुनुलाई नै पनि एक महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

सार्वभौम शाख मूल्यांकन भएको मुलुकमा वैदेशिक लगानीका लागि थप बाटो खुला हुन्छ । गतवर्ष भएको लगानी सम्मेलनमा व्यक्त प्रतिबद्धताअनुरूप वैदेशिक लगानी आउन नसक्नुका पछाडि देशको शाख मूल्यांकन नहुनुलाई पनि प्रमुख कारण मानिएको थियो ।

रेटिङ भएपछि यदि कथं विश्व दातृ निकायहरूबाट देशले ऋण तथा सहयोग माग्नुपऱ्यो भने त्यसलाई सहजीकरण गर्न उल्लेखनीय रूपमा मद्दत गर्छ । त्यसमाथि चीन र भारत छोडेर अन्य छिमेकी मुलुकहरूले नेपालको भन्दा असल नतिजा प्राप्त नगरेका कारण पनि मूल्यांकनको यस्तो नतिजाले नेपाललाई यस क्षेत्रमा तुलनात्मक रूपमा लगानीका लागि अनुकूल देशका रूपमा प्रस्तुत गरेको छ ।

समग्रमा भन्नुपर्दा यस्तो मूल्यांकन पहिलोपटक हुनु नै नेपालको लागि उपलब्धिपूर्ण मान्न सकिए पनि आगामी दिनमा हुने पुनर्मूल्यांकनमा अहिलेको नतिजामा 'नन इन्भेस्टमेन्ट ग्रेड'मा परेर सन्देहास्पद नतिजा प्राप्त गरेको नेपालले 'इन्भेस्टमेन्ट ग्रेड'तर्फ उकालो लाग्ने गरी आर्थिक एवं राजनीतिक वातावरणमा सुधार गर्नु अपरिहार्य देखिन्छ ।


*लेखक सम्पत्ति शुद्धीकरण विषयमा विद्यावारिधिप्राप्त बैंकर हुन् ।*

# ज्येष्ठ नागरिक भत्ताका विसंगति

म स्कूले जीवनमा विद्यार्थी हुँदा काग्रेस-कम्युनिस्ट विद्यार्थीबीच खुब बहस हुन्थ्यो । चीन कम्युनिस्ट मुलुक भएकाले त्यसको प्रभाव नेपाली विद्यार्थीहरूमा पनि परेको थियो । चीनबाट ठूलो मात्रामा सचित्र चीनजस्ता गुणस्तरीय छपाइ भएका पत्रिकाहरू आउँथे । कम्युनिस्ट र प्रजातान्त्रिक विद्यार्थीहरूबीच पानी बाराबारको अवस्था थियो । प्रजातान्त्रिक विद्यार्थीहरू बुढेसकालमा कम्युनिस्ट शासनले बूढाबूढीलाई सुई लगाएर मार्छ भन्थे भने कम्युनिस्ट विद्यार्थीहरू त्यसको खण्डन गर्थे । तर, समाजमा यस्को असर परेको थियो कि त्यसबाट नेपालका कम्युनिस्टहरूले मुक्ति पाउनुपर्ने थियो ।

२०५१ सालको मध्यावधि निर्वाचनमा कुनै राजनीतिक दलले बहुमत ल्याउन सकेन । संसद्मा ठूलो दलका नाताले नेकपा एमालेले अल्पमतको सरकार बनायो । यसै बेला उसलाई कम्युनिस्टहरूले बूढाबूढीलाई बुढेसकालमा सुई लगाएर मार्छन् भन्ने हल्लाबाट मुक्ति पाउने अवसर प्राप्त भयो । प्रधानमन्त्रीमा मनमोहन अधिकारी र अर्थमन्त्री भरतमोहन अधिकारी थिए । अर्थमन्त्रीले ७० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई रू. १०० ज्येष्ठ नागरिक भत्ता दिने बजेट ल्याए । यो कार्यक्रम वितरणमुखी भए पनि त्यसबखत सानो अशंमा आएको थियो । यसले राजनीतिक रूपमा एमालेलाई त फाइदा भयो । तर, पछि आउने कुनै पनि सरकारले यसलाई हटाउन सकेनन्, कसले बढी दिने भन्ने प्रतिस्पर्धा बढ्दै गयो । अन्ततः २०७४ सालको आम चुनावमा नेकपा एमालेले आफ्नो घोषणापत्रमा रू. ५००० दिने घोषणा गऱ्यो । त्यसपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले ज्येष्ठ नागरिक भत्ता पाउने उमेर ७० बाट घटाएर ६५ वर्ष कायम गर्ने उद्घोष गरे । उनी प्रधानमन्त्री भएपछि २०७८ सालको बजेटमा ६८ वर्ष कायम गरे । त्यस बाहेक एकल महिला, अपाङ्गता आदिलाई दिने ज्येष्ठ नागरिक तथा अशक्त भत्ता थपिँदै गयो र अहिले अर्थतन्त्रका लागि चुनौती बनेको छ ।

लोककल्याणकारी राज्यले आफ्ना नागरिकलाई सकेसम्म सुविधा दिनुपर्छ । अझ ज्येष्ठ नागरिक, अशक्त नागरिकलाई हेर्ने दायित्व राज्यकै हो । तर, नागरिकलाई दिने सुविधा राजनीतिक दलको स्वार्थसँग जोडियो । सर्वप्रथमतः राज्यले आफ्नो राजस्वको स्रोत कति हो मूल्यांकन गर्नुपऱ्यो । राजस्व उठतीको अवस्था र त्यो राजस्व हुने खर्चको प्राथमिकीकरण गर्नुपऱ्यो । हाम्रो पहिलो आवश्यकता पूर्वाधार विकास हो । समथर भूमिबाट हिमालसम्म फैलिएको भौगोलिक बनावटले हाम्रो पूर्वाधारको कार्य कठितम छ । पूर्वाधारको विकास नगर्ने हो भने पहाडी र हिमाल क्षेत्रमा बसोवास गर्ने जनसंख्या रहने छैन । यसै त बसाइँसराइको उच्च दबाव छ । यसले भोलि गएर भौगोलिक एवं जनसांख्यिक सन्तुलन नै बिग्रिनेछ ।



**एक ज्येष्ठ नागरिकको घरमा छोराछोरी जागीरे वा उद्यमी छन् । एक छोरो सचिव वा पूर्वसचिव छ । उसलाई किन भत्ता दिने ? छोराछोरीहरूले उनलाई किन नपाल्ने ?**

**- हरि गौतम**

शिक्षा, स्वास्थ्य तथा यातायात क्षेत्रमा हामी अति पिछडिएका छौं । यस क्षेत्रमा केही पूर्वाधार बने तापनि शहरी क्षेत्रमा मात्र सीमित छन् । पहाड तथा तराइका ग्रामीण क्षेत्रहरू न्यूनतम मानवीय सुविधाभन्दा तल छन् । ग्रामीण क्षेत्रमा सडक यातायातको कुनै सविधा छैन । मुलुकभर नै एउटा भरपर्दो राजमार्ग छैन, खानेपानीको समस्या त्यतिकै विकराल छ । रोजगारीको समस्या भयावह छ । यो सबै अवस्थालाई दृष्टिगत गर्दै हाम्रो अर्थतन्त्रको प्राथमिकता वितरणमुखी अर्थतन्त्रभन्दा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य तथा खानेपानीमा व्यापक सुधार, सडक यातायातको स्तरोन्नति एवं ग्रामीण क्षेत्रमा नै सोहीअनुसारको रोजगारी सृजना गरी ग्रामीण जनसंख्या त्यही बस्न सक्ने विकासको मोडल अपनाउनुपर्छ । सीमित राजस्वले यी कार्यसहित वितरणमुखी अर्थव्यवस्था, भद्दा कर्मचारी प्रशासन यन्त्र धान्न सक्ने अवस्था छैन ।

अब वितरणमुखी अर्थतन्त्रको पहिलो कारक तत्त्व ज्येष्ठ नागरिक भत्तामा के विसंगतिहरू छन् ? विवेचना गरौं ।

**ज्येष्ठ नागरिक भत्ताकै कारणबाट बसाइँसराइ बढ्न गयो । जहाँ बसे पनि ज्येष्ठ नागरिक भत्ता पाइन्छ भने आफ्नो जन्मस्थान, थातथलोमा किन बस्ने ? सुविधासम्पन्न ठाउँमा बस्ने र ज्येष्ठ नागरिक भत्ता लियो भन्ने सोच बढ्न थाल्यो । अन्ततः समग्र जनसांख्यिक अवस्था नै खलबलिने अवस्था आउने भयो ।**

पहिलो विसंगति भनेको यसमा सबै नागरिकलाई एउटै बास्केटमा हालिएको छ । समाजमा हुने खाने वर्ग छन्, पूर्व कर्मचारीहरूको वर्ग छ, उद्योगी व्यवसायीहरू छन्, साततल्ले घर भएका र शहरी क्षेत्रका ज्येष्ठ नागरिकहरू छन् र गरीबीको रेखामुनि रहेका बूढाबूढी पनि छन् । राज्यको पहिलो कर्तव्य भनेको यसको पहिचान गर्ने हो र गरीबीको रेखामुनि रहेका ज्येष्ठ नागरिकलाई मात्र यो भत्ता दिनु हो । बाँकी रकम मुलुकको पूर्वाधारमा खर्च गर्ने हो ।

ज्येष्ठ नागरिक भत्ताकै कारणबाट बसाइँसराइ बढ्न गयो । जहाँ बसे पनि ज्येष्ठ नागरिक भत्ता पाइन्छ भने आफ्नो जन्मस्थान, थातथलोमा किन बस्ने ? सुविधासम्पन्न ठाउँमा बस्ने र ज्येष्ठ नागरिक भत्ता लियो भन्ने सोच बढ्न थाल्यो । अन्ततः समग्र जनसांख्यिक अवस्था नै खलबलिने अवस्था आउने भयो ।

म आफ्नै कुरा गर्छु । मेरो उमेर ६९ वर्ष भयो । म ज्येष्ठ नागरिक भत्ताको हकदार भएँ । मसँग गाडी छ, उद्योग छ, जग्गाजमीन छ, काठमाडौंसहित मुलुकका चार ठाउँमा घर छ । मलाई र मसँग आश्रित मेरो परिवारलाई किन ज्येष्ठ नागरिक भत्ता दिने ? तपाईंले नलिए भइगयो नि, किन बकबक गर्नुहुन्छ भन्नुहोला । मैले लिइन अरे, राज्यले त्यसबापत मेरो के मूल्यांकन गर्छ ? अथवा राज्यले हुने खानेले नलिने भनेर कहीँ आह्वान गरेको छ ? राज्यले दिएको सुविधा नलिने म मूर्ख हुन्न ? घरमा, साथीभाइसँग व्यापक छलफल भयो र निष्कर्ष के निस्क्यो भने यो सुविधा लिने र कतै दान गरिदिने ।

एक ज्येष्ठ नागरिकको घरमा छोराछोरी जागीरे वा उद्यमी छन् । एक छोरो सचिव वा पूर्वसचिव छ । उसलाई किन भत्ता दिने ? छोराछोरीले उनलाई किन नपाल्ने ? यो दृष्टान्त सबै हुनेखानेको घर परिवारमा लाग्छ । अर्को अहम् प्रश्न, ज्येष्ठ नागरिक भत्ता पाउने व्यक्ति आफ्नै जन्मस्थान वा थातथलोमा बसेको हुनुपर्छ । राज्यले उनलाई खाने पैसा दिएकै छ । ऊ त्यहीँ बस्यो भने राज्यलाई त्यहाँ स्वास्थ्य सुविधा पुऱ्याउन वा गुणस्तरमा सुधार गर्न दबाब पर्छ जसले त्यस क्षेत्रकै भलाइ गर्छ । अब प्रश्न उठ्छ यो भत्ता कसैलाई नदिने त ? होइन, राज्य लोककल्याणकारी संस्था हो । यो कार्यक्रम वितरणमुखी भए पनि राज्यले दिनुपर्छ तर लिने व्यक्ति गरीबीको रेखामुनि रहेको हुनुपर्छ । नेपाल सरकारले निकालेको तथ्यांकअनुसार त्यस्तो जनसंख्या नेपालमा २० प्रतिशत मात्रै छ । दोस्रो, त्यस्तो व्यक्ति आफ्नै थातथलोमा बसेको हुनुपर्छ । बरु त्यस क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने दायित्व राज्यले लिनुपर्छ । तेस्रो, राज्यले दिने सुविधाको दोहरोपन हुनु हुँदैन । त्यस्ता विषयमा विचार नै नगरी मनपरी हिसाबबाट अनावश्यक दायित्व राज्यले थप्दै जाने हो भने अन्ततः राज्य आर्थिक रूपबाट असफल हुन्छ र समग्र विकास तथा पूर्वाधारको अवस्था दयनीय हुने अवस्था आउनेछ । राज्यले आफ्नो नीतिमा समीक्षा गर्नैपर्छ ।

*लेखक वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हुन् ।*

बाँकी पृष्ठ १ बाट ...

## दुई मुलुकबीच ...

चीनले ४ वर्षअघि प्रस्ताव गरेको बीआरआई कार्यान्वयन सम्झौतालाई नेपाली पक्षले परिमार्जन गरी बीआरआई सहकार्य फ्रेमवर्क प्रस्ताव गरेको थियो । खासगरी सत्तारूढ नेपाली कांग्रेसले प्रस्तावित कार्यान्वयन सम्झौतालाई परिमार्जन गरी बीआरआई सहकार्य फ्रेमवर्क नामकरण गर्न प्रधानमन्त्रीको दल नेकपा (एमाले)समक्ष प्रस्ताव गरेको थियो ।

नेपाली कांग्रेससँग भर्खर सत्ता समीकरण शुरू भएकाले गठबन्धन नटुटोस् भन्ने उद्देश्यका साथ एमालेले नेपाली कांग्रेसले प्रस्ताव गरेको बीआरआई सहकार्य फ्रेमवर्कमा सहमति व्यक्त गरेको थियो । यस विषयमा दुई दलबीच १५ मङ्सिरमा अन्तिम सहमति जुटेपछि प्रस्तावित फ्रेमवर्कको मस्यौदा त्यसै दिन चिनियाँ पक्षलाई बुझाइएको थियो ।

परराष्ट्र मन्त्रालयका अधिकारीहरू बालुवाटारस्थित चिनियाँ दूतावास पुगेर उक्त दस्तावेज हस्तान्तरण गरेका थिए । कांग्रेस-एमालेबीच सहमति जुटे पनि चिनियाँ पक्षले त्यसलाई स्वीकार गर्छ/गर्दैन भन्ने विषयमा निकै चासो थियो ।

## सिमेन्टको मूल्य ...

'कच्चा पदार्थको मूल्य बढ्दै जाँदा मात्रै हामीले स्टीलको मुल्य बढाउने गर्छौं,' श्रेष्ठले भने, 'अरूले मूल्य बढाउँदा बढाउने र घटाउँदा घटाउनेभन्दा हाम्रो आफ्नै मूल्य दर छ ।' बजारको खपत निकै कम रहेको र धेरैजस्तो उद्योग घाटामै सञ्चालन भइरहेका छड व्यवसायीको भनाइ छ ।

श्रेष्ठका अनुसार नेपालमा औसतमा कोरोना महामारीअघिका वर्षमा वार्षिक १२ लाखदेखि १४ लाख टन डण्डी खपत हुन्थ्यो । कोभिड शुरू भएदेखिका वर्षमा क्रमशः यो परिमाण घटेर सन् २०२१ मा वार्षिक ११ लाख टन, सन् २०२२ मा वार्षिक १० लाख टन र सन् २०२३ मा ९ लाख टनमा खुम्चिएको छ । सन् २०२४ को अवस्था कस्तो हुन्छ हेर्न बाँकी रहेको श्रेष्ठको भनाइ छ ।

सरकारले निर्माण क्षेत्रमा लगानीका साथै भुक्तानी दिन सकेको छैन, जुन सरकार आफैले स्वीकार गरेको छ । 'पञ्चकन्याले हरेक महीनाको १ गते आफ्ना डिलरहरूलाई आफ्नै मूल्यसूची पठाउने गरेको छ,' श्रेष्ठले भने, 'यद्यपि डण्डीको मूल्य बढाउने वा घटाउने आधार देखिँदैन । अन्योल नै देखिन्छ, किनभने बजार अन्योलमा छ । जस्तै प्रतिकेजी ७२ रुपैयाँ विक्री भएको डण्डी त्यसको एक सातामै प्रतिकेजी ७५ रुपैयाँ पनि पुग्ने गरेको देखिन्छ भने कहिले ८० रुपैयाँमा पनि विक्री भएको देखिन्छ ।'

अहिले पञ्चकन्या स्टील प्रतिकिलो ९४ रुपैयाँमा विक्री भइरहेको उनको भनाइ छ । प्राइम बिलेटबाट पञ्चकन्या स्टील/डण्डी बनाइएको हुँदा यसको मूल्य बढी भएको उनको दाबी छ । मङ्सिरमा केही माग बढेको र निर्माण क्षेत्रका गतिविधि बढेकोले केही आशालाग्दो अवस्था देखिएको भन्दै उनले यो महीनामा समग्र माग १५ देखि २० प्रतिशत बढेको जानकारी दिए । नेपालमा स्टील तथा फलामे छड उत्पादन गर्ने कम्पनी ३१ ओटा छन् । तीमध्ये २४/२५ ओटा मात्रै सञ्चालनमा रहेको व्यवसायी बताउँछन् । अम्बे ब्रान्डमा स्टील उत्पादन गर्दै आएको अम्बे ग्रूपका अध्यक्ष हरि न्यौपानेले माग नै कम भएको अवस्थामा फलामे छडको मूल्य बढाउने कुनै योजना नभएको बताए । 'पहिला प्रतिकिलो ९५ रुपैयाँमा विक्री हुने स्टील अहिले ८० रुपैयाँमा पनि मुश्किलले विक्री हुन थालेको छ,' न्यौपानेले भने, 'अर्कोतर्फ बजारमा माग नै छैन भने उधारो पनि उठेको छैन । सरकारले विकासमा खर्च पनि गर्न सकेको छैन, घर/भवन निर्माण पनि सुस्त छ ।'

# दोलालघाटमा मोटरबोट परीक्षण



काभ्रेपलाञ्चोक । जिल्लाको पर्यटकीयस्थल भुम्लु गाउँपालिका दोलालघाट क्षेत्रमा पर्ने सुनकोशी र इन्द्रावती दुई नदीमा स्टिमर (मोटरबोट) सञ्चालनको तयारी थालिएको छ । यसका लागि सम्झौताअनुसार परीक्षण भइरहेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका क्षेत्र भएर बग्ने सुनकोशी र इन्द्रावतीमा मोटरबोट सञ्चालनका लागि गाउँपालिकाले एक वर्षअघि महाँकाल वाटर सर्भिससँग सम्झौता गरेको थियो । मोटरबोट सञ्चालनका लागि हाल परीक्षण भइरहेको गाउँपालिका अध्यक्ष प्रेमबहादुर भुजेलले बताए । उनका अनुसार हाल एक मोटरबोटले नदीमा पानीको बहावअनुसारको रुट तथा बाधाअड्चन आउन सक्ने स्थान र सम्भावित जोखिमको पहिचान भइरहेको छ ।

परीक्षणका क्रममा दोलालघाटस्थित दुई नदीको संगमस्थलबाट उत्तरतर्फ इन्द्रावती तथा पूर्वी क्षेत्रमा सुनकोशीमा मोटरबोट सफल रूपमा सञ्चालन भएको जनाइएको हो । पहिलोपटक गत हप्ता गरिएका परीक्षणमा अवरोध नदेखिएको भुजेलले बताए । 'परीक्षणले राम्रो सम्भावना देखाएको प्राविधिकले बताएका छन्, आवश्यक थप परीक्षणबाट कसरी सञ्चालन गर्ने भन्नेबारे दुई पक्षबीच छलफल गर्नेछौं,' उनले भने । उनका अनुसार सरकारको केन्द्रीय कार्यक्रमअनुसार दोलालघाटबाट सुनसरीको चतरासम्म मोटरबोट सञ्चालन गर्ने योजना बनाइएको छ ।

सफल परीक्षणपछि पहिलो चरणमा दोलालघाटबाट खहरेघाटसम्म एक किलोमिटरमा मोटरबोट सञ्चालन गरिनेछ । पहिलो चरणमा मनोरञ्जनात्मक रूपमा एक किलोमिटरको दूरीमा आवश्यकतानुसार थप मोटरबोट व्यवस्थापन गरी सञ्चालन गरिने बताइएको छ । मोटरबोट सञ्चालनले आन्तरिक एवं बाह्य पर्यटकमार्फत भुम्लुको पर्यटन प्रवर्द्धन तथा अन्य विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

दोलालघाटबाट चतरासम्म सञ्चालन हुने भएपछि गाउँपालिकाले एक मोटरबोट खरीद गर्नेसम्मको योजना बनाएको भुजेलले जानकारी दिए । पर्यटन प्रवर्द्धनको उद्देश्यका साथ दोलालघाटबाट सिन्धुलीको नेपालथोकसम्म सुनकोशीमा करीब पाँच किलोमिटरको दूरीमा र्‍याफ्टिङ सञ्चालन गर्दै आइएको छ । *रासस*

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०८/१९ गते आर्थिक अभियान दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ मंसिर २६ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

### बेलबारी, मोरङ शाखा

**१. ऋणीको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण बिभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा मिति २०७६/०७/२२ मा प्रा.फ.र.नं. ३२६५६/०७६/७७ कायम भई दर्ता रहेको मोरङ्ग जिल्ला, वेलवारी न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु आर.के.फलफूल तथा तरकारी पसल ।**

**प्रोप्राइटरको विवरण**

**मंगल महतो**
ना.प्र.नं.- ५७९८७/५८९८७
जारी मिति - २०५७/१०/०६, जि.प्र.का. सुनसरी
बाबु - विलेक्षण महतो
बाजे - गंगाई महतो
पत्नी - संझावती देवी महतो
स्थायी ठेगाना- सुनसरी जिल्ला, नरसिंह गा.वि.स., वडा नं. ०८
हालको ठेगाना- मोरङ्ग जिल्ला, वेलवारी न.पा., वडा नं. ०४

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **रंजित कुमार महतो**
ना.प्र.नं.- ०६-०१-६९-१३६२७
जारी मिति - २०६९/१२/२८, जि.प्र.का. सुनसरी
बाबु - मंगल महतो
बाजे - विलेक्षण महतो
स्थायी ठेगाना- सुनसरी जिल्ला, नरसिंह गा.वि.स., वडा नं. ०८
हालको ठेगाना- मोरङ्ग जिल्ला, वेलवारी न.पा., वडा नं. ०४

२. **संझावती देवी महतो**
ना.प्र.नं.- ०६१०४९/१२५९२५
जारी मिति - २०६४/१२/११, जि.प्र.का. सुनसरी
बाबु - नुनुलाल मेहता
बाजे - टुनाई मेहता
स्थायी ठेगाना- सुनसरी जिल्ला, नरसिंह गा.वि.स., वडा नं. ०८
हालको ठेगाना- मोरङ्ग जिल्ला, वेलवारी न.पा., वडा नं. ०४

३. **सविता कुमारी चौधरी**
ना.प्र.नं.- ०५१०१८/१०७४
जारी मिति - २०६८/०८/०८, जि.प्र.का. मोरङ्ग
बाबु - श्रीपद लाल चौधरी
बाजे - ब्रमलाल चौधरी
स्थायी ठेगाना- मोरङ जिल्ला, टंकीसिनवारी गा.वि.स., वडा नं. ०२
हालको ठेगाना- मोरङ्ग जिल्ला, वेलवारी न.पा., वडा नं. ०४

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **मंगल महतो**को नाममा मालपोत कार्यालय, बेलवारी, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ५८३ र ५८४ को क्षे.फ. क्रमशः १६९.३२ र ३३८.६४ (व.मी) जग्गा तथा उक्त जग्गामा निर्माण कार्यहरु भएका सम्पुर्ण लिगलगापातहरु समेत ।
२. यातायात व्यवस्था कार्यालय सुनसरी बाट **न्यु आर.के.फलफूल तथा तरकारी पसल** (ऋणी) र कुमारी बैक लिमिटेड (धनी) कायम भई दर्ता कायम रहेको निम्न उल्लेखित सवारी साधन ।

| मोडेल | ईन्जिन नं. | चेसिस नं. | सवारी नं. |
|---|---|---|---|
| XENON | 497SPTC43HTY626484 | MAT524005GSR07121 | को २ च ५१० |

### इनरुवा शाखा

**१. ऋणीको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा मिति २०७४/०५/२३ मा प्रा.फ.र.नं. २९७६५/०७४/७५ कायम भई दर्ता रहेको मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **पि एम सप्लायर्स ।**

**प्रोप्राइटरको विवरण**

**सुमृत कुमार माझी**
ना.प्र.नं.- ६४४९७
जारी मिति - २०५८/१०/२४, जि.प्र.का. मोरङ्ग
बाबु - भुटाई माझी
बाजे - गंगाराम माझी
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा., वडा नं. ०३

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **अमृत कुमार माझी**
ना.प्र.नं.- ६/३०९४
जारी मिति - २०६२/१०/११, जि.प्र.का. मोरङ्ग
बाबु - भुटाई माझी
बाजे - गंगाराम माझी
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा., वडा नं. ०३

२. **कान्छा माझी**
ना.प्र.नं.- ०५-०१-७०/१४५३५
जारी मिति - २०७०/०२/२९, जि.प्र.का. मोरङ्ग
बाबु - भुटाई माझी
बाजे - गंगाराम माझी
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा., वडा न. ०३

३. **हिना कुमारी चौधरी**
ना.प्र.नं.- ०५-०२-७३-०३९५८
जारी मिति - २०७३/१२/२०, जि.प्र.का. मोरङ्ग
बाबु - रौदि लाल चौधरी
बाजे - बौरु थारु
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, रंगेली न.पा., वडा नं. ०१
हालको ठेगाना- मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा., वडा नं. ०३

४. **श्रीमती प्रेम माझी**
ना.प्र.नं.- १२१४
जारी मिति - २०४०/१२/२६, जि.प्र.का. मोरङ्ग
बाबु - भमरलाल खवास
बाजे - भवर लाल माझी
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स., वडा न. ०४
हालको ठेगाना- मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा., वडा नं. ०३

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **श्रीमती प्रेम माझी** नाममा मालपोत कार्यालय विराटनगरमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. ४/ख स्थित कित्ता नं. ९८३, ९७९, ९८१, ९८२, ९७८ र ९८० को क्षे.फ. ०-०-१२.२५, ०-१-२, ०-१-१५, ०-०-५.७५, ०-०-१३ र ०-०-१० (बि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु ।

### ट्राफिक चोक, बुटवल शाखा

**ऋणीको विवरण**

१. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्ररको कार्यलय, काठमाण्डौंमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/०७ मा दर्ता नं. १४२८८९/०७२/०७३, कायम भई आन्तरिक राजश्व कार्यालय कृष्णनगर, कपिलवस्तुमा स्थायी लेखा नम्बर (पान) मिति २०७२/०९/२१ मा दर्ता प्रमाणपत्र नं. ६०३५६९०१० कायम रही कपिलवस्तु जिल्ला, वाणगंगा न.पा वडा नं. ९, स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु सगरमाथा खाद्य उद्योग प्रा.लि.** ।
**सञ्चालक - भिमलाल पौडेल**

२. **भिमलाल पौडेल**
ना.प्र.नं.- ४६७८,
जारी मिति - २०४४/०३/१७, जि.प्र.का.- अर्घाखाँची
बाबु - डिलाराम पौडेल
बाजे - गोविन्द पौडेल
पत्नी - रेवता घिमिरे
स्थायी ठेगाना- धातिबाङ गा.वि.स वडा नं.४, अर्घाखाँची
हालको ठेगाना- वाणगंगा न.पा वडा नं. ९, कपिलवस्तु

**लिलाम हुने सम्पतिको विवरण**

१. **न्यु सगरमाथा खाद्य उद्योग प्रा.लि.** को नाममा मालपोत कार्यालय, कपिलबस्तु मा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला वाणगंगा न.पा वडा नं. ३ (साविक गजेडा गा.वि.स वडा नं. ६) स्थित किता नं. ९६६, १०८८ र १०८५ को क्षेत्रफल ०–७–०, ०–५–१८.२५ र ०–०–२.५० (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **भिमलाल पौडेल**
ना.प्र.नं.- ४६७८,
जारी मिति - २०४४/०३/१७, जि.प्र.का.- अर्घाखाँची
बाबु - डिलाराम पौडेल
बाजे - गोविन्द पौडेल
पत्नी - रेवता घिमिरे
स्थायी ठेगाना- धातिबाङ गा.वि.स वडा नं. ४, अर्घाखाँची
हालको ठेगाना- वाणगंगा न.पा वडा नं. ९, कपिलवस्तु

२. **रेवता घिमिरे**
ना.प्र.नं.-११५६०/३१८४,
जारी मिति - २०४९/०५/०१, जि.प्र.का.- अर्घाखाँची
बाबु - ज्ञानहरि घिमिरे
पति - भिमलाल पौडेल
स्थायी ठेगाना- मैदान गा.वि.स वडा नं. ०५, अर्घाखाँची
हालको ठेगाना- वाणगंगा न.पा वडा नं. ९, कपिलवस्तु

### पथरी, मोरङ्ग शाखा

**१. ऋणीको विवरण**

**पुनम देबी गनगाई**
ना.प्र.नं.- २२१४४-३
जारी मिति - २०६२/०५/०२, जि.प्र.का. मोरङ्ग
बाबु - मोहन लाल गनगाई
बाजे - काद्र लाल गनगाई
पति - जीत बहादुर गन्गाई
स्थायी ठेगाना- मोरङ जिल्ला अमरदह गा.वि.स. वडा नं.०९
हालको ठेगाना- मोरङ जिल्ला सुनवर्षी न.पा. वडा नं. ०४

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **जीत बहादुर गन्गाई**
ना.प्र.नं.- १०१३९-१
जारी मिति - २०५७/०५/१४, जि.प्र.का. मोरङ्ग
बाबु - जहाड गन्गाई
बाजे - जुरानु गैदार
पत्नी - पुनम देबी गनगाई
स्थायी ठेगाना- मोरङ जिल्ला, अमरदह गा.वि.स. वडा नं.०९
हालको ठेगाना- मोरङ जिल्ला सुनवर्षी न.पा. वडा नं. ०४

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **पुनम देबी गनगाई**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला अमरदह गा.बि.स.वार्ड नं.९/९ख स्थित कि.नं.१००३ को क्षे.फ. ०-३-०-० घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ मंसिर २५ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ मंसिर २६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ मंसिर २६ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१–५३४६९९१**

## स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर विक्री सम्बन्धी ३५ दिने सूचना

**प्रकाशन मिति २०८१/०८/१९ गते**

यस वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयरहरु बिक्री गर्न वित्तीय संस्था समक्ष निवेदन दिनु भएको र उक्त निवेदन संचालक समितिको बैंठकमा पेश हुँदा रित पुऱ्याई बिक्री गर्न प्रक्रिया अघि बढाउने निर्णय भएको हुँदा संस्थापक शेयरहरु बिक्री गर्दा विद्यमान संस्थापक शेयरधनीहरुलाई प्राथामिकता दिनुपर्ने नेपाल राष्ट्र बैंकको निर्देशनको व्यवस्था बमोजिम विद्यमान संस्थापक शेयरधनीहरुलाई यस अघिनै ३५ दिने सूचना प्रकाशित गरिएकोमा रित पुर्व निवेदन प्राप्त हुन नआएको हुनाले संस्थापक शेयर खरिद गर्न इच्छुक सर्वसाधारण महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन) कार्यालय समय भित्र आवश्यक कागजात संलग्न गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-५, काभ्रेपलाञ्चोक स्थीत प्रशासन विभागमा लिखित निवेदन दिनुहुन सूचित गरिन्छ ।

**स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड**
Swarojgar Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बनेपा- ५, काभ्रेपलाञ्चोक,
फोन नं.: ०११-६६१०६०, ६६५३४८
ईमेल : Info@slbbl.com.np, वेवसाईट : www.slbbl.com.np

## २२ औं वार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१।०८।१९ गते**

यस **न्यु विजनेश एज लिमिटेड**को मिति २०८१।०८।१८ गते मंगलबार बिहानको ११ बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस लिमिटेडको २२ औं वार्षिक साधारण सभा देहाय बमोजिमका विषयहरुमा छलफल र निर्णय गर्न निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :-**

**मिति** : २०८१/०९/११ गते आइतबार (डिसेम्बर, २६, २०२४)
**समय** : दिनको १० बजे ।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली, ११ काठमाण्डौ

**प्रस्तावहरु :-**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले तयार गर्नु भएको आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) आ.व. २०८०/०८१ को लेखा प्रतिवेदन पारित गर्ने ।
३) आ.व.२०८१/०८२ को लागि लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने ।
४) संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने ।
५) संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको शेयर सार्वजनिक निस्काशन मार्फत सर्वसाधारणमा जारी गर्ने ।
६) सञ्चालक समितिको निर्वाचन गर्ने ।
७) विविध ।

**कम्पनी सचिव**

**न्यु विजनेश एज लिमिटेड**
पाञ्चायन मार्ग, थापाथली, काठमाडौं
सम्पर्क : ०१-५३६७७१७
E-mail : info@newbusinessage.com

## रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको तेश्रो बार्षिक साधारण सभा सम्वन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०८१ मंसिर ७ गते)

श्री शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८१।०६।१६ गतेको दिन बसेको सञ्चालक समितिको ३२ औं बैठकको निर्णयानुसार तेश्रो बार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा देहायका बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ७७ (३) बमोजिम यो सुचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान:**
मिति : २०८१।०९।०३ गते (तद्अनुसार डिसेम्बर १८, २०२४)
समय : बिहान ११:०० बजे ।
स्थान : रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको कार्यालय, बालुवाटार, काठमाण्डौ ।

**छलफलका बिषयहरु:**

**क) सामान्य प्रस्तावहरु:**

१) आर्थिक बर्ष २०८०।०८१ को संचालक समितिको तेश्रो बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्त सम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Financial Position, Statement of Profit and Loss and Other Comprehensive Income, Statement of Cash Flow, Statement of Changes in Equity तथा संलग्न अनुसुचिहरु उपर छलफल गरी पारीत गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ का लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तथा नियुक्तीको शर्त तोक्ने ।
४) स्वतन्त्र सञ्चालकको नियुक्तिको अनुमोदन गर्ने ।
५) विविध ।

**ख) बिशेष प्रस्तावहरु:**

१) कम्पनीको नियमावली संशोधन गर्ने ।
**क) नियमावलीमा संशोधनको लागि प्रस्ताव गरिएको :** कम्पनीको नियमावलीको दफा (२७) मा सञ्चालकहरुको संरचना र संख्या परिवर्तन र दफा (२९) अन्तर्गत स्वतन्त्र ब्यवसायीक सञ्चालकको संख्या (निम्नानुसार तीन महले विवरणमा प्रस्ताव गरिए बमोजिम)

| साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| २७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:-** (२) यस कम्पनीमा ५ जनाको सञ्चालक समिति हुनेछ। जसमा (क) समुहमा रहेका संस्थापक समुहबाट मनोनित निर्वाचित ३ जना सर्वसाधारण शेयरधनीबाट निर्वाचित १ जना र स्वतन्त्र तर्फबाट १ जना संचालक नियुक्ती हुनेछन् । | २७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:-** (२) यस कम्पनीमा ६ जनाको सञ्चालक समिति हुनेछ । जसमा (क) समुहमा रहेका संस्थापक समुहबाट मनोनित निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीबाट निर्वाचित १ जना र स्वतन्त्र तर्फबाट २ जना संचालक नियुक्ती हुनेछन् । | कम्पनीका सञ्चालकहरुको संख्या मिलाउन आवश्यक भएकोले । |
| २९. **स्वतन्त्र ब्यवसायीक संचालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रकृया सम्वन्धि ब्यवस्था:** यस कम्पनीमा प्रचलित कानुन बमोजिम १ जना स्वतन्त्र सञ्चालक नियुक्ति हुनेछन्। सञ्चालकको कार्यकाल, योग्यता तथा नियुक्ती सम्वन्धी प्रकृया कम्पनी ऐन बमोजिम हुनेछ । | २९. **स्वतन्त्र ब्यवसायीक संचालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रकृया सम्वन्धि ब्यवस्था:** यस कम्पनीमा प्रचलित कानुन बमोजिम २ जना स्वतन्त्र सञ्चालक नियुक्ति हुनेछन्। सञ्चालकको कार्य- काल, योग्यता तथा नियुक्ती सम्वन्धी प्रकृया कम्पनी ऐन बमोजिम हुनेछ । तर स्वतन्त्र सञ्चालकको नियूक्ती सञ्चालक समितिले गरी वार्षिक साधारण सभावाट अनुमोदन गराउनु पर्नेछ । | स्वतन्त्र सञ्चालकको संख्या २ जना राख्ने भएकोले । |

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

ReliableCapital
रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड
Reliable Investment & Merchant Capital Limited

| मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र | | | | | |
|---|---|---|---|---|---|
| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| ईङवा हाइड्रोपावर लिमिटेड | ६५६.७० | १०.०० | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ७९०.०० | –९.५१ |
| दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ३१२.४० | १०.०० | जानकी फाइनान्स कम्पनी लिमिटेड | ८८५.१० | –६.६९ |
| सुपर मादी हाइड्रोपावर लिमिटेड | १,०९५.०० | ९.९९ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २,५९७.०० | –३.४६ |
| जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ४१०.७० | ९.९९ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २,३७३.०० | –३.४६ |
| खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३५४.५० | ९.९९ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | ३,४७६.०० | –३.४४ |

# १७ दशमलव ८० अंक बढ्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौं

साताको तेस्रो कारोबार दिन मंगलवार नेप्से परिसूचक १७ दशमलव ८० अंक बढेर बन्द भएको छ। यससँगै नेप्से २ हजार ७७५ दशमलव ८५ विन्दुमा पुगेको छ।

मंगलवार ३०७ धितोपत्रको १ करोड ८१ लाख ६० हजार ६३४ कित्ता ८८ हजार ७७५ पटकमा रू. ८ अर्ब ५२ करोड बराबरको कारोबार भएको छ। कारोबारमा आएका धितोपत्रमध्ये पाँच धितोपत्रको मूल्य सर्किट लेभलमा वृद्धि भएको छ। ईडवा हाइड्रोपावर, दिव्यश्वरी हाइड्रोपावर, सुपर मादी हाइड्रोपावर, जोशी हाइड्रोपावर र खानीखोला हाइड्रोपावरको शेयर मूल्य सर्किट लेभलमा वृद्धि भएको हो।

मंगलवार सबैभन्दा धेरै अप्पर स्याङ्गे हाइड्रोपावरका शेयरधनीले गुमाएका छन्। यस कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा ९ दशमलव ५१ प्रतिशत घटेको छ। यससँगै कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ७९० मा झरेको छ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा डादी ग्रुप पावरले ओगटेको छ। यस कम्पनीको रू. २६ करोड ७४ लाख बराबरको कारोबार भएको हो। कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ३१४ कायम भएको छ।

| सर्वाधिक कारोबार भएका पाँच धितोपत्र | | |
|---|---|---|
| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
| डादी ग्रुप पावर लिमिटेड | २६.७४ | ३१४.०० |
| जानकी फाइनान्स कम्पनी लिमिटेड | २६.५१ | ८८५.१० |
| बेष्ट फाइनान्स कम्पनी लिमिटेड | २४.०६ | ८०९.०० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | २३.८७ | १,०८२.०० |
| एनआईसी एशिया बैंक लिमिटेड | १७.२५ | ४१९.८० |

| समूहगत कारोबार | | | |
|---|---|---|---|
| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
| १ | जलविद्युत् | ३७५.३४ | ४४.०५ |
| २ | वित्त | ११७.५० | १३.७९ |
| ३ | विकास बैंक | ८७.४० | १०.२६ |
| ४ | बैंकिङ्ग | ५७.२५ | ६.७२ |
| ५ | लघुवित्त | ४५.७६ | ५.३७ |
| ६ | लगानी | ४५.०४ | ५.२९ |
| ७ | जीवन बीमा | ३८.३८ | ४.५० |
| ८ | निर्जीवन बीमा | २१.२९ | २.५० |
| ९ | अन्य | १६.८१ | १.९७ |
| १० | उत्पादन तथा प्रशोधन | १४.९१ | १.७५ |
| ११ | होटल तथा पर्यटन | ११.६६ | १.३७ |
| १२ | व्यापार | १०.०९ | १.१८ |
| १३ | संस्थापक शेयर | ८.९९ | १.०६ |
| १४ | म्युचुअल फण्ड | १.३९ | ०.१६ |
| १५ | ऋणपत्र | ०.२३ | ०.०३ |

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये सात समूहको सूचक बढेको छ भने बाँकी सबै समूहको सूचक घटेको छ। तीमध्ये व्यापार समूहको सूचक सबैभन्दा बढी ५ दशमलव ९६ प्रतिशत वृद्धि भएको छ भने होटल तथा पर्यटन समूहको सूचक सबैभन्दा बढी १ दशमलव ७१ प्रतिशत घटेको छ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा मंगलवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ४४ दशमलव शून्य ५ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ७५ करोड ३४ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ। उक्त समूहको रू. १ अर्ब १७ करोड ५० लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

मंगलवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. १ अर्ब २६ करोड ३९ लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ६८ करोड ४४ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ५७ करोड ९५ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ। जसबाट मंगलवारको बजारमा रू. ७७ करोड ५० लाख बराबरको धितोपत्र किनबेच भएको छ।

## सोह्रौ वार्षिक साधारण सभामा उपस्थितहुने बारेको सार्बजानिक सूचना

उपरोक्त विषयमा यस रेडियन्ट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २०८१ मंसिर १७ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०८०/०८१ को १६ औ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समय सम्पन्नहुने व्यहोरा अनुरोध गर्दै संस्थाको १६ औं साधारण सभामा शेयर सदस्य मानुभावहरूको गरिमामय उपस्थितिकालागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : **२०८१ पौष २७ गते, शनिवार**

समय : **बिहान ९ बजे।**

स्थान : **रेडियन्ट रिडर्स एकेडेमी बिद्यालयको प्राङ्गण, ललितपुर २ , सानेपा।**

**पुनश्चः** सभामा छलफल गरिने विषयहरू शेयरसदस्यहरुलाई निमन्त्रणा पत्रमार्फत जानकारी गराईएको र पत्र प्राप्त नगर्ने शेयर सदस्यहरुको जानकारीकालागि संस्थाको कार्यालयको सूचना पाटीमा टाँस गरिएको हुँदा कार्यालयमा उपस्थित भई जानकारी लिनुहुन अनुरोध गर्दछौ।

रमेश पुरी
सचिव
सन्चालक समिति

**रेडियन्ट बहुउद्धेश्यीय सहकारी संस्था लि.**
ललितपुर म.न.पा.–२, सानेपा, ललितपुर, फोन : ०१–५४२६२९३, ५४२६३८१

## संस्थापक शेयर बिक्रीका सम्बन्धमा साविकका संस्थापकहरुका लागि जारी गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/१९)

**प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका तपसिलमा उल्लेखित संस्थापक शेयरधनीहरूले आफूले धारण गरेको शेयर बिक्री गर्न इच्छुक रही, सञ्चालक समिति समक्ष निवेदन दिनुभएको हुँदा बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७ को निर्देशन नं.११ बमोजिम खरिद गर्न इच्छुक संस्थापक शेयरधनीहरुका लागि यो ३५ दिने सूचना जारी गरिएको छ। साविकका संस्थापक शेयरधनीहरूले उक्त शेयर खरिद गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको केन्द्रीय कार्यालय कमलादी, काठमाडौंमा निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ। उक्त समयसम्ममा कुनै निवेदन पेश हुन नआएमा कानून बमोजिम भइजाने व्यहोरा समेत अवगत गराईन्छ।**

तपसिल

| क्र.सं. | शेयरधनीको नाम | बिक्री गर्न चाहेको शेयर संख्या | कैफियत |
|---|---|---|---|
| १ | शशि रञ्जन कलवार | ४५,००० कित्ता | |
| २ | भिम बहादुर गौचन | १०,००० कित्ता | |
| ३ | मोहन राज जोशी | २०,००० कित्ता | |
| ४ | मोक्ष राज्यलक्ष्मी देवि प्रधान | १८,००० कित्ता | |
| ५ | गणेश कुमार घिमिरे | ५,४९० कित्ता | |

PRABHU Mahalaxmi Life

**प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड**
कमलादी, काठमाडौं, नेपाल
फोनः ०१–५३६२२२३
ई-मेलः info@pmlil.com

## सवारी साधनहरूको मुल्य बढावढबाट बिक्री गरीने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८१।०८।१९)

यस इन्स्योरेन्समा रहेको तपशिलको विवरण अनुसारका सावरी साधन (मोटरसाइकल/स्कुटर) जे जस्तो अवस्थामा छ, सोही अवस्थामा कवाडी (मुल्य बढावढ) बाट बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउ पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**(क) सवारी साधन (मोटरसाइकल/स्कुटर) को विवरण** :

| क्र.स. | सवारी साधन रहेको कार्यालय | दर्ता नं. | सम्पर्क नं. |
|---|---|---|---|
| १ | केन्द्रिय कार्यालय, हात्तिसार, काठमाडौं | बा ४८ प ४०७६ | ०१–४५४१४१४ |
| २ | केन्द्रिय कार्यालय, हात्तिसार, काठमाडौं | बा ३४ प २३७५ | ०१–४५४१४१४ |
| ३ | केन्द्रिय कार्यालय, हात्तिसार, काठमाडौं | बा ३१ प ११८३ | ०१–४५४१४१४ |
| ४ | केन्द्रिय कार्यालय, हात्तिसार, काठमाडौं | बा २९ प ७३४२ | ०१–४५४१४१४ |
| ५ | प्रादेशिक कार्यालय धनगढी, कैलाली | से २ प २९०९ | ०९१–४१७१०७ |
| ६ | प्रादेशिक कार्यालय धनगढी, कैलाली | म १ प ४३५६ | ०९१–४१७१०७ |
| ७ | प्रादेशिक कार्यालय धनगढी, कैलाली | रा १ प ५७२३ | ०९१–४१७१०७ |
| ८ | प्रादेशिक कार्यालय विरगंज, पर्सा | ना ११ प ८६१९ | ०५१–५२७५५१ |
| ९ | प्रादेशिक कार्यालय विरगंज, पर्सा | ना १९ प ५२४१ | ०५१–५२७५५१ |
| १० | प्रादेशिक कार्यालय विरगंज, पर्सा | ना ११ प ७६१२ | ०५१–५२७५५१ |
| ११ | प्रादेशिक कार्यालय विरगंज, पर्सा | ज ३ प ४९०५ | ०५१–५२७५५१ |
| १२ | प्रादेशिक कार्यालय बुटवल, रुपन्देही | लु ७ प ४३७४ | ०७१–५३०१०२ |
| १३ | प्रादेशिक कार्यालय बुटवल, रुपन्देही | लु ७ प २७६१ | ०७१–५३०१०२ |
| १४ | शाखा कार्यालय सिन्धुली, सिन्धुली | को ५ प २४४२ | ०४७–५२०९७५ |
| १५ | उप प्रादेशिक कार्यालय डडेल्धुरा, डडेल्धुरा | से २ प २०५० | ०९६–४२०९४८ |
| १६ | उप शाखा कार्यालय गैंडाकोट, नवलपरासी | ना १२ प ५३३९ | ०७८–५०२८२२ |

**(ख) शर्तहरु :**

(१) पेश भएका दरभाउपत्र बिना जानकारी अस्वीकृत गर्ने वा खारेज गर्ने सम्पूर्ण अधिकार कम्पनी व्यवस्थापनमा रहनेछ।

**(ग) निवेदन संग संलग्न गर्नुपर्ने कागजातहरु :**

| व्यक्तिको हकमा : | संस्थाको हकमा : |
|---|---|
| नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | १) फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाण–पत्र, २) स्थायी लेखा नम्बर दर्ता प्रमाण–पत्र, ३) आ.व २०८०/८१ को कर चुक्ता प्रमाण |

(घ) सवारी साधन हेर्नको लागि सवारी साधन रहेको सम्बन्धित माथि उल्लेख गरिएको कार्यालयमा सम्पर्क गर्नुपर्नेछ।

**(ङ) बोलपत्र पेश गर्ने स्थानः** सम्बन्धित शाखा कार्यालय वा कम्पनीको केन्द्रिय कार्यालय, मनकामना मार्ग, हात्तिसार काठमाडौं।

**(च) बोलपत्र खोलिने स्थानः** यस कम्पनीको केन्द्रिय कार्यालय, मनकामना मार्ग, हात्तिसार काठमाडौं।

HIMALAYANLIFE

**हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड**
**पो.ब.नं. : २५९७९, मनकामना मार्ग, हात्तिसार, काठमाडौं**
**फोन : ०१-५९७००५७, इमेल : info@himalayanlife.com.np**

## लक्ष्मी सन्राइज बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पति (घर/जग्गा) बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०८/१९)

यस बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक फर्म, कम्पनी वा महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/शाखा कार्यालय विर्तामोड झापामा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। निर्धारित समय भित्र यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८१/०९/०४ गते (सो दिन सार्वजनिक बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन) दिउँसो ठिक ११:०० बजे बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/शाखा कार्यालय विर्तामोड झापामा खोलिनेछ। सो स्थान र समयमा बोलपत्रदाताहरुलाई समेत उपस्थित हुन सूचित गरिन्छ। बोलपत्र फारम एक प्रतिको रु. १,०००/- (फिर्ता नहुने गरी) गरी यस बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/शाखा कार्यालय विर्तामोड झापामा उपलब्ध छ। साथै बोलपत्र सम्बन्धी सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ।

तपसिल

| क्र.सं. | जिल्ला | न.पा./ गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (विगाहा/व.मी) |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | का.म.न.पा. डिल्लीबजार | १० | २०२, ४७१ र ५९४ | १२७.१६, ९३.४० र ४७.६९ |
| २ | झापा | ज्यामिरगढी | ७ | १३५६, १३५८, १३६०, १३६२, १३७३, १३७२, १३७४, १३७७, १३७८, १३८०, १३७५, १३००, १३०२, १३०४, १३०५, १३०७, १३१९, १३२१, १३२८, १३३२, १३३९, १३८२, १२९४, १२९६, १२९८, १३०९, १३१५, १३२३, १३३०, १३३४, १३३६ र १३८५ | २०७.३९, २०३.१६, १९८.९३, १८६.२३, १८६.२३, १२६.९७, २२४.३२, ३७२.४९, २२४.३२, २७५.११, २०७.३९, १६९.३०, १६९.३०, १६९.३०, ३०८.९७, २४९.७२, २११.६३, २११.६३, १८६.२३, २०७.३९, २१५.८६, १५२.३७, १७३.५३, १७३.५३, १६९.३०, २२८.५६, १८६.२३, २०७.३९, २०७.३९, २०७.३९, २०७.३९ र २७५.११ |

थप जानकारी:

- बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको कर्जा असुली विभाग, हात्तिसार, काठमाडौं/शाखा कार्यालय विर्तामोड झापाबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्ग हुनेछ।
- लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नुपरेमा वा लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय हात्तिसार, काठमाडौं/शाखा कार्यालय विर्तामोड झापामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
- बैंकलाई स्वीकार हुने बोलपत्र प्राप्त भएको अवस्थामा छुट्टाछुट्टै सम्पत्ति छुट्टाछुट्टै रुपमा बिक्री गर्न सकिनेछ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालयः विर्तामोड, झापा
फोन नं.: ०२३-५३५०३१/०३२

शाखा कार्यालयः दमक, झापा
फोन नं.: ०२३-५७४६१०

को

## गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

(प्रकाशित मिति २०८१/०८/१९ गते)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिङ्ग सम्पतिहरु (घर/जग्गा) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयहरुमा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र सम्बन्धित शाखा कार्यालयहरुमा पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ।

तपसिल

**गैह्र-बैकिङ्ग सम्पतिको विवरण**

**शाखा कार्यालय** : **विर्तामोड, झापा**

**प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, साबिक नकलबन्दा गा.वि.स./न.पा. वडा नं. ८ (सिट नं. ८/ख) स्थित कित्ता नं. ४४० र १६३३ को क्रमशः क्षेत्रफल ०-१-४-० र ०-०-१६-० (विघा) को घर र जग्गा तथा सो घर र जग्गा ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालय** : **दमक, झापा**

**प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, शनिश्चरे गा.वि.स./न.पा. वडा नं. १ (सिट नं. १/क) स्थित कित्ता नं. ५९ र ६० को क्रमशः क्षेत्रफल ०-०-१०-० र ०-०-११.२५-० (विघा) को घर र जग्गा तथा सो घर र जग्गा ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**गैह्र बैंकिङ्ग सम्पति बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०८/१९ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु विर्तामोड, झापा र दमक, झापाबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै गैह्र बैंकिङ्ग सम्पतिको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०८/२५ गते मंगलबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०८/२६ गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी गैह्र बैंकिङ्ग सम्पत्ति आफ्नो नाममा नामसारी गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. गैह्र बैंकिङ्ग सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु विर्तामोड, झापा र दमक, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ।

## वलेफी हाइड्रोपावरले मङ्सिर २७ गतेदेखि हकप्रद शेयर जारी गर्ने

काठमाडौं (अस)। वलेफी हाइड्रोपावर लिमिटेडले मङ्सिर २७ गतेदेखि शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने भएको छ। कम्पनीले हाल कायम चुक्तापूँजीको आधारमा १ बराबर १ कित्ता अनुपातमा हकप्रद शेयर निष्कासन गर्न लागेको हो।

जसअनुसार प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यमा १ अर्ब ८२ करोड ७९ लाख ७० हजार रुपैयाँ बराबरको १ करोड ८२ लाख ७९ हजार ७०० कित्ता हकप्रद शेयर निष्कासन हुनेछ।

यो हकप्रद शेयर निष्कासन प्रयोजनका लागि कम्पनीले कात्तिक २१ गते बुक क्लोज गरिसकेको छ। बुक क्लोजको आधारमा कात्तिक २० गतेसम्म कायम शेयरधनीहरूले मात्र यो हकप्रद शेयर खरीदका लागि पुस १७ गतेसम्म आवेदन दिन सक्नेछन्।

हाल कम्पनीको चुक्तापूँजी १ अर्ब ८२ करोड ७९ लाख ७० हजार रुपैयाँ रहेको छ। शतप्रतिशत हकप्रद शेयर निष्कासन तथा बाँडफाँटपछि कम्पनीको चुक्तापूँजी ३ अर्ब ६५ करोड ५९ लाख ४० हजार रुपैयाँ कायम हुनेछ।

कम्पनीले आयोजना निर्माणका क्रममा लिएको १ अर्ब ४० करोडको आंशिक बैंक ऋण, प्रवर्द्धकबाट लिएको ३० करोड ६४ लाख ४६ हजार ८६० रुपैयाँ ३९ पैसा बैंक ऋण र ठेकेदार तथा विक्रेताहरूको १२ करोड १५ लाख २३ हजार १३९ रुपैयाँ ६१ पैसा भुक्तानी गर्न हकप्रद शेयर निष्कासन गर्न लागेको हो।

हकप्रद शेयर निष्कासन तथा विक्री प्रबन्धकमा एनआइएमबि एस क्यापिटल लिमिटेड रहेको छ। विक्री प्रबन्धकसँगै आस्बा सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्था र तिनका तोकिएको कार्यालयमार्फत आवेदन दिन सकिने व्यवस्था छ। साथै कुमारी बैंकको जलविरे र जुगल शाखा कार्यालयबाट पनि आवेदन दिन सकिनेछ। अनलाईन आवेदनका लागि मेरो शेयर अनलाईन पनि प्रयोग गर्न सकिनेछ।

## माउन्टेन इनर्जी नेपालको लाभांश प्रस्ताव

काठमाडौं (अस)। माउन्टेन इनर्जी नेपालले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल १५ दशमलव ७९ प्रतिशत लाभांश प्रस्ताव गरेको छ।

कम्पनीको मङ्सिर १७ गते बसेको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा १५ प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि शून्य दशमलव ७९ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो।

प्रस्तावित लाभांश सहित अन्य विविध प्रस्ताव पारितका लागि कम्पनीले पुस २८ गते वार्षिक साधारणसभा गर्ने निर्णय समेत गरेको छ।

त्यस अघि प्रस्तावित लाभांश विद्युत् नियमन आयोगबाट स्वीकृति गराउने जानकारी समेत कम्पनीले दिएको छ। आगामी वार्षिक साधारणसभाका लागि कम्पनीले पुस ११ गते एक दिन बुक क्लोज गर्न लागेको छ। बुक क्लोजको आधारमा अघिल्लो कारोबार दिनसम्म कायम शेयरधनीहरूले मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन्।

## महुली लघुवित्तको एफपीओ बोर्डबाट स्वीकृत

काठमाडौं (अस)। महुली लघुवित्त वित्तीय संस्था लिमिटेडले थप सार्वजनिक निष्कासन (एफपीओ) गर्न नेपाल धितोपत्र बोर्ड (सेबोन) बाट स्वीकृति पाएको छ।

कम्पनीले प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यमा ४ लाख ७५ हजार ४४९ दशमलव १५ कित्ता एफपीओ निष्कासनका लागि बोर्डबाट मङ्सिर

**कम्पनीले २०८० साल भदौ २४ गते उक्त एफपीओ निष्कासनका लागि बोर्डसँग अनुमति माग गरेको थियो।**

१७ गते स्वीकृति पाएको जानकारी नेप्सेमार्फत गराएको हो।

कम्पनीले २०८० साल भदौ २४ गते उक्त एफपीओ निष्कासनका लागि बोर्डसँग अनुमति माग गरेको थियो। कम्पनीको एफपीओ विक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड रहेको छ।

धितोपत्र दोस्रो बजारमा सूचीकृत यस कम्पनीले प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यमा एफपीओ निष्कासन गर्न लागेको हो।

## सिवाईसी नेपाल लघुवित्तको संस्थापक शेयर विक्रीमा

काठमाडौं (अस)। सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थापक शेयर विक्रीमा ल्याएको छ। कम्पनीले १८ हजार ३६० कित्ता अन्य व्यक्ति तथा संस्थाहरूले आवेदन दिन पाउने गरी र ८८ हजार १८३ कित्ता भने विद्यमान संस्थापक शेयरधनीहरूले मात्र आवेदन दिन पाउने गरी निष्कासन गरेको हो।

दुवै तर्फको शेयर मङ्सिर १७ गतेदेखि विक्रीमा आएको हो। सबैले

**कम्पनीले १८ हजार ३६० कित्ता अन्य व्यक्ति तथा संस्थाहरूले आवेदन दिन पाउने गरी र ८८ हजार १८३ कित्ता भने विद्यमान संस्थापक शेयरधनीहरूले मात्र आवेदन दिन पाउने गरी निष्कासन गरेको हो।**

आवेदन दिन पाउने संस्थापक शेयरको लागि पुस १ गते र विद्यमान संस्थापकले मात्र आवेदन दिन मिल्नेमा पुस २१ गते भित्र आवेदन दिनु पर्ने छ।

यस अघि विद्यमान संस्थापक शेयरधनीका लागि मात्र निष्कासन गर्दा वितरण हुन नसकेपछि कम्पनीले दोस्रो चरणमा सर्वसाधारणका लागि १८ हजार ३६० कित्ता शेयर निष्कासन गरेको हो।

सर्वसाधारणमा जारी भएको शेयरको न्यूनतम मूल्य प्रतिकित्ता ८६४ रुपैयाँ तोकिएको छ। तोकिएको मूल्य वा सोभन्दा बढी मूल्य अंकित गरी न्यूनतम १०० कित्तादेखि अधिकतम सम्पूर्ण कित्ता खरीद माग गर्न सकिने व्यवस्था छ। कम्पनीको शेयर विक्री प्रबन्धकमा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड रहेको छ।

# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड

Swarojgar Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बनेपा- ५, काभ्रेपलाञ्चोक,
फोन नं.: ०११-६६१०६०, ६६५३४८
ईमेल : Info@slbbl.com.np, वेबसाइट : www.slbbl.com.np

## ऋणी सदस्यहरुलाई कर्जा चुक्ता/भुक्तान गर्न आउने बारेको ७ (सात) दिने सूचना।

